# चौथो वार्षिक प्रतिवेदन
# २०७७/७८

# महिला लघुवित्त वित्तीय संस्था लि.
## MAHILA LAGHUBITTA BITTIYA SANSTHA LTD.

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था" (राष्ट्रियस्तरको कार्य क्षेत्र भएको)

# सञ्चालक समिति



**श्री तारा कुँवर**
अध्यक्ष
प्रतिनिधिः महिला अधिकार तथा विकास केन्द्र



**डा. इमान सिंह गुरुङ**
सञ्चालक



**श्री सुभाष जमरकटेल**
सञ्चालक
प्रतिनिधिः माच्छापुच्छ्रे बैंक लि.



**श्री निरु कुथुमी राई**
सञ्चालक



**कोपिला पोखरेल**
स्वतन्त्र सञ्चालक

---



**श्री कृष्ण प्रसाद न्यौपाने**
प्रमुख कार्यकारी अधिकृत

| क्र.सं. | विषयसूची | पेज |
|---|---|---|
| १ | महिला लघुवित्त वित्तीय संस्था लि. - एक परिचय | १ |
| २ | चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना | २ |
| ३ | प्रतिनिधि नियुक्त गर्ने बारे निवेदन | ४ |
| ४ | वित्तीय संस्थाको प्रगति विवरणको झलक ग्राफ | ५ |
| ५ | सामाजिक उत्तरदायित्व/वित्तीय शिक्षा (फोटोहरु) | ६ |
| ६ | सञ्चालक समितिको प्रतिवेदन | ७ |
| ७ | कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिमका समीक्षा आर्थिक वर्षका खुलाउनपर्ने अन्य विवरणहरु | १५ |
| ८ | स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन | १८ |
| ९ | वासलात | २२ |
| १० | नाफा नोक्सान हिसाब | २३ |
| ११ | नाफा नोक्सान बाँडफाँड हिसाब | २४ |
| १२ | इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण | २५ |
| १३ | नगद प्रवाह विवरण | २६ |
| १४ | शेयर पूँजी तथा शेयर स्वामित्व विवरण | २७ |
| १५ | ०.५% भन्दा बढी स्वामित्व भएका शेयरधनीहरुको विवरण | २८ |
| १६ | जगेडा तथा कोषहरु | २९ |
| १७ | ऋणपत्र तथा बण्ड | २९ |
| १८ | तिर्न बाँकी कर्जा सापटी | ३० |
| १९ | निक्षेप हिसाब | ३० |
| २० | अन्य दायित्व | ३१ |
| २१ | बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ३१ |
| २२ | लगानी | ३२ |
| २३ | सेयर, डिवेन्चर तथा बण्डमा लगानी | ३२ |
| २४ | कर्जा सापटमा वर्गीकरण र सोको लागि व्यवस्था | ३३ |
| २५ | स्थिर सम्पत्ति | ३४ |
| २६ | गैर बैंकिङ्ग सम्पत्ति | ३५ |
| २७ | अन्य सम्पत्ति | ३५ |
| २८ | अन्य सम्पत्ति (थप विवरण) | ३६ |
| २९ | सम्भावित दायित्वहरु | ३६ |
| ३० | ब्याज आम्दानी | ३६ |
| ३१ | ब्याज खर्च | ३७ |

| | | |
|---|---|---|
| ३२ | कमिसन तथा अन्य सञ्चालन आम्दानी | ३७ |
| ३३ | कर्मचारी खर्च | ३८ |
| ३४ | अन्य सञ्चालन खर्च | ३९ |
| ३५ | सम्भावित नोक्सानी व्यवस्था | ४० |
| ३६ | गैर सञ्चालन आम्दानी/नोक्सान | ४० |
| ३७ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ४० |
| ३८ | असामान्य कारोबारहरुबाट भएको आम्दानी/खर्च | ४० |
| ३९ | अपलेखित कर्जाको विवरण | ४१ |
| ४० | सञ्चालक, कार्यकारी प्रमुख, संस्थापक, कर्मचारी, शेयरहोल्डरहरुलाई गएको कर्जा सापट विवरण | ४१ |
| ४१ | पूँजीकोष तालिका | ४२ |
| ४२ | जोखिम भारित सम्पत्ति विवरण तालिका | ४३ |
| ४३ | प्रमुख सूचकांकहरु | ४४ |
| ४४ | प्रमुख लेखा नीतिहरु | ४५ |
| ४५ | लेखा सम्बन्धी टिप्पणीहरु | ४८ |
| ४६ | संस्थापक/संस्थापक समूहका शेयरधनीले आफ्नो स्वामित्वमा रहेको शेयर अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिएको विवरण | ५४ |
| ४७ | लेखापरीक्षण नभएको र लेखापरीक्षण भएको वित्तीय विवरणको तुलना | ५५ |
| ४८ | बार्षिक वित्तीय विवरण प्रकाशित गर्ने नेपाल राष्ट्र बैंकको स्वीकृति | ५६ |
| ४९ | नेपाल राष्ट्र बैंकको पत्रको प्रतिक्रिया | ५७ |
| ५० | प्रबन्धपत्र तथा विनियमावली संशोधन सम्बन्धी विवरण, २०७८ | ५८ |
| ५१ | सफलताका कथा | ५९ |
| ५२ | सदस्यका परियोजना तथा केन्द्र बैठक गतिविधि | ६० |
| ५३ | शाखा कार्यालय प्रमुखहरु | ६२ |

# महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको: एक परिचय

स्थापना मितिः २०७५/०२/२४
नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त मितिः २०७५/०६/२२

**केन्द्रीय कार्यालय**
महिला लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा-१३ साँगा, काभ्रे
फोन : ०११-६६१३२९
E-mail: mlbsl.nepal@gmail.com
Website: www.mlbsl.com.np

**कार्यालय संख्या** **७५**
केन्द्रीय कार्यालय ............................ १
सुपरिवेक्षण तथा निरीक्षण कार्यालय...... ८
शाखा कार्यालय ............................ ६६

## पृष्ठभूमिः

सामाजिक परिचालन र गरिवी न्युनिकरणको कार्य गर्ने गरी गैरसरकारी संस्थाको रुपमा काठमाडौ जिल्ला प्रशासन कार्यालयमा वि.सं.२०५२ सालमा दर्ता भएको महिला अधिकार तथा विकास केन्द्रले वि.सं.२०५८ सालमा नेपाल राष्ट्र बैंकबाट वित्तीय मध्यस्थताकर्ताको इजाजतपत्र प्राप्त गरी काठमाडौं महानगरपालिका तथा काठमाडौं जिल्लाका नगरपालिकाहरुबाट लघुवित्त कार्यक्रम सुरु गरी वि.सं.२०७५ सालसम्म आइपुग्दा देशका विभिन्न १७ जिल्लाका ३३ शाखा मार्फत २५ हजार ५ सय २४ परिवारमा वित्तीय सेवा सञ्चालन भईरहेको थियो । यसै पृष्ठभूमिलाई लिएर उक्त महिला अधिकार तथा विकास केन्द्रले सञ्चालन गर्दै आएको लघुवित्त कार्यक्रमलाई अझ प्रभावकारी, दरीलो र निरन्तरताको लागि उक्त केन्द्रको अगुवाईमा माछापुछ्रे बैंक तथा लामो समय देखि लघुवित्त क्षेत्रको अनुभव हाँसिल गरेका व्यक्तिहरुको संयुक्त लगानीमा **महिला लघुवित्त वित्तीय संस्था लि.**को दर्ता कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौमा मिति २०७५/०२/२४ गते भई नेपाल राष्ट्र बैंकबाट “घ” बर्गको राष्ट्रिय स्तरको मिति २०७५/०६/२२ गते वित्तीय कारोवार गर्ने इजाजत प्राप्त गरी मिति २०७५/०७/०१ गतेबाट औपचारिक रुपमा आफ्नो कारोवार सञ्चालन गरेको यस वित्तीय संस्था लि.को पछिल्लो प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

## कार्यक्षेत्र तथा कार्य प्रगतिः

राष्ट्रियस्तरको इजाजतपत्र प्राप्त गरी देशका विभिन्न ३३ जिल्लाः काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ्ग, नुवाकोट, लमजुङ्ग, तनहुँ, गोरखा, कास्की, मोरङ्ग, सुनसरी, सप्तरी उदयपुर, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, रुपन्देही, कपिलबस्तु, दाङ्ग, बाँके, बर्दिया, सुर्खेत, दैलेख, कैलाली र कञ्चनपुर जिल्लाहरुमा लघुवित्त कार्यक्रम सञ्चालनमा आइरहेको छ । यस वित्तीय संस्थाको २०७८ असोज मसान्तसम्मको विवरण देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन भएको जिल्ला संख्या** | **: ३३** |
| कुल कर्मचारी संस्या | : ३०८ |
| शाखा कार्यालय संख्या | : ६६ |
| ग्राहक सदस्य संख्या | : ५८३५७ |
| ऋणी सदस्य संख्या | : ३७,०१० |
| बाँकी बचत (रु.०००) | : १,०१,५८७७ |
| बाँकी कर्जा (रु.००००) | : ३,७९,३८,०५ |

## प्रदान गर्ने सेवाः

**कर्जा सेवा**ः सामुहिक जमानीमा बिना धितो अधिकतम रु.५ (पाँच) लाखसम्म र धितो जमानीमा अधिकतम रु.१५ (पन्ध्र) लाखसम्म

**लघु बचत सेवा**ः अनिवार्य बचत न्यूनतम मासिक रु.२००। तथा ऐच्छिक बचत सदस्यको क्षमता अनुसार तथा इच्छा अनुसार ।

**लक्षित वर्ग**ः (क) समूहमा आवद्ध विपन्न परिवारको विवाहित महिला वा ३५ बर्ष उमेरपुरा भएको अविवाहित महिला ।

(ख) समूहमा आवद्ध नभएको विपन्न परिवारको सदस्य विवाहित महिला वा ३५ वर्ष उमेर पुगेको अविवाहित महिला ।

**पूँजीः** अधिकृत पूंजी **:** रु.२० करोड, जारी पुंजी रु.१० करोड तथा चुक्त पुंजी रु.१० करोड ।

# महिला लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय साँगा, काभ्रे ।

## चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०७८।०७।३०)

**आदरणीय शेयरधनी महानुभावहरू,**

मिति २०७८ साल कार्तिक २९ गते सोमबार बसेको सञ्चालन समितिको ३७ औं बैठकको निर्णयानुसार यस लघुवित्त वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागी हार्दिक अनुरोध गर्दछौ ।

**साधारण सभा बस्ने :**

मिति : २०७८ मंसिर २२ गते बुधवार (तदनुसार २०२१ डिसेम्बर ८)

स्थान : Himalaya Drishya Resort Dhulikhel, Kavre

समय : बिहान १०:३० बजे

### छलफलका विषयहरू

**क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०७७/७८ को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व.२०७७/७८ सम्मको मुनाफाबाट चुक्ता पूँजी रु १०,००,००,०००।- को २.५ प्रतिशतले हुने रकम रु.२५,००,०००।- कर प्रयोजनका लागी नगद लाभांश पारित गर्ने ।

४. बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०७३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सुविधाको निर्धारण गर्ने ।

५. सर्वसाधरण समुहबाट २ जना सञ्चालकहरुको निर्वाचन गरी नियुक्ति गर्ने ।

**ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व.२०७७/७८ सम्मको मुनाफाबाट चुक्ता पूँजी रु.१०,००,००,०००। को ४७.५ प्रतिशतले हुने रकम रु.४,७५,००,०००।- बोनश शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने ।

२. सञ्चालकहरुको बैठक भत्ता वृद्धि गर्नका लागि नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

३. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभिने/गाभ्ने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगााडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due to Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, (प्राप्ति एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

५. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियामावली संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६ विविध

## चौथो वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी :

१. चौथो वार्षिक साधारण सभा तथा लाभांश प्रयोजनका लागी यस वित्तीय संस्थाको मिति २०७८ मंसीर १६ गते १ दिन शेयर दाखिला खारेज दर्ता बन्द रहनेछ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७८/०८/१५ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम वित्तीय संस्थाको शेयर रजिष्टार नेपाल एसबिआई मर्चेन्ट बैकिङ्ग लि, काठमाडौँमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन, मतदान गर्न, बोनश शेयर तथा नगद लाभांश पाउन योग्य हुनेछन् ।

२. चौथो वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगाना वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ । कुनै कारणवश उक्त पुस्तिका प्राप्त नभएमा संस्थाको केन्द्रिय कार्यालय साँगा, काभ्रे र नेपाल एसबिआई मर्चेन्ट बैकिङ्ग लि, काठमाडौँमा सम्पर्क गर्नुहुन तथा वित्तीय संस्थाको वेबसाईट www.mlbsl.com.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिने प्रतिनिधि तोक्ने पाउनेछन् ।

५. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान १०:३० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ ।

६. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले रितपूर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रिय कार्यालय साँगा काभ्रेमा दर्ता गराउनु पर्नेछ ।

७. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ ।

८. छलफलका विषय सूची मध्ये विविध शीर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । सो विषय छलफलमा समावेश गरिए पनि निर्णयको रुपमा रहने छैन ।

९. शेयरधनी महानुभावहरु सभा स्थलमा आउदा छाता, झोला वा अन्य कुनै वस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ ।

१०. सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

११. अन्य थप जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, साँगा काभ्रेमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध गर्दछौ ।

**विशेष अनुरोध :** वार्षिक साधारण सभामा उपस्थित हुन चाहने शेयरधनी महानुभावहरुले कोभिड -१९ को कारणले पर्न सक्ने सम्भावित असरहरुलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नुपर्ने भनी तोकेका सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपायहरु स्वयं आफैले अनिवार्य अवलम्बन गर्नु हुन अनुरोध गर्दछौं ।

सञ्चालक समितिको आज्ञाले,

......................................

कम्पनी सचिव

मिति:..............................

श्री सञ्चालक समिति,

**महिला लघुवित्त वित्तीय संस्था लिमिटेड,**

केन्द्रीय कार्यालय साँगा, काभ्रे ।

## विषय : प्रतिनिधि नियुक्त गर्ने बारे ।

महाशय,

....................................जिल्ला ................................. न.पा./गा.पा. वडा नं. ...................... बस्ने म/हामी ........ .................................. ले त्यस वित्तिय संस्थाको शेयरवालाको हैसियतले २० ....... साल ........ महिना ........ गते ....... बारका दिन हुने साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि .................... जिल्ला .......................... न.पा./गा.पा. वडा नं. ....... बस्ने त्यस वित्तिय संस्थाका शेयरवाला श्री ................................. शेयर प्रमाण-पत्र नं./अभौतिकीकरण खाता नं. ...................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

| निवेदकको | प्रतिनिधिको |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नामः |
| ठेगाना : | ठेगानाः |
| शेयर प्रमाण-पत्र नं. | शेयर प्रमाण-पत्र नं.: |
| कित्ता नं. ................ देखि .....................सम्म | कित्ता नं. ................ देखि .....................सम्म |
| शेयरधनी नं/हितग्राही (डिम्याट) खाता नं............... | शेयरधनी नं/हितग्राही (डिम्याट) खाता नं............... |
| मितिः | |

**द्रष्टब्यः** यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तिय संस्थाको सम्बन्धित कार्यालयमा पेश गरिसक्नुपर्ने छ । एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी)को नाउँ उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिने छ ।

# वित्तीय संस्थाको प्रगति विवरणको झलक




































# वित्तीय संस्थाबाट सञ्चालन गरिएका विभिन्न कार्यक्रमका फोटाहरू



शाखा ढिकुरेको केन्द्र प्रमुख गोष्ठी २०७७ /०७८



शाखा श्रीगाउँको केन्द्र प्रमुख गोष्ठी २०७७ /०७८




शाखा महेन्द्रनगरको केन्द्र प्रमुख गोष्ठी २०७७ /०७८



शाखा बिरेन्द्रनगर अन्तरगत केन्द्र नं.७१ का सदस्यहरू



शाखा धनगढी अन्तरगत केन्द्र नं.८१ को केन्द्र बैठकको उपस्थित सदस्यहरू



शाखा हेटौंडा अन्तरगत केन्द्र नं.८२ को केन्द्र बैठकको उपस्थित सदस्यहरू



शाखा कार्यालय जडीबुटीको केन्द्र नं.४२ की सदस्य लक्ष्मी तिमल्सीनाको गाई पालन ब्यवसाय



शाखा कार्यालय जोरपाटीको केन्द्र नं.७१ की सदस्य समिता कुमारीको तरकारी खेति

# महिला लघुवित्त वित्तीय संस्था लि.को
# चौथो वार्षिक साधारण सभामा
# अध्यक्षज्यूद्वारा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरू :**

यस महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको चौथो वार्षिक साधारण सभामा उपस्थित हुनु भएका श्रद्धेय सम्पूर्ण शेयरधनी महानुभावहरू, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, बाह्य लेखापरीक्षकज्यू, निर्वाचन अधिकृतज्यू, पत्रकारज्यू, कर्मचारी मित्रहरु एवम् समस्त आमन्त्रित उपस्थित महानुभावहरु; आफ्नो अत्यन्त कार्यव्यस्तताका बाबजुद पनि हाम्रो निमन्त्रणालाई स्वीकार गरी यहाँ पाल्नु भएकोमा वित्तीय संस्थाको संञ्चालक समिति, वित्तीय संस्था परिवार र मेरो व्यक्तिगत तर्फवाट यहाँहरु प्रति हार्दिक आभार व्यक्त गर्दै यस सम्मानित साधारण सभामा हृदयदेखिनै हार्दिक स्वागत गर्न चाहन्छु। यहाँहरुको यो गौरवमय उपस्थिति संस्था प्रतिको विश्वास र मायाको प्रमाणाको रुपमा हामीले ग्रहण गर्नेछौं र यो प्रमाण संस्थाको मानसपटलमा सदा रहिरहने छ।

संस्थागत वित्तीय सेवाको पहुँच बाहिर रहेका व्यक्तिहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन कर्जा उपलब्ध गराउने, बचत गर्न सिकाउने र वित्तीय रुपमा साक्षर बनाउने उद्देश्यकासाथ २०७५ साल कार्तिक १ गतेवाट सेवा शुरु गरेको यस वित्तीय संस्थाले आफ्नो लक्ष्य अनुरुपको सफलता हासिल गर्दै अगाडि बढीरहेको र लघुवित्त क्षेत्रमा आफ्नो हैसियतमा पनि बृद्धि गर्दै गइरहेको व्यहोरा जानकारी गराउन चाहन्छु। हामीले वित्तीय संस्थालाई सर्वथा केन्द्र विन्दुमा राखी प्रणालीगत रुपमा संस्था संचालन गर्दै आएवाट वर्तमान कोभिड १९ ले सिर्जना गरेको विषम् परिस्थितिका बाबजुद पनि वित्तीय संस्था सबल हुँदै गएको व्यहोरा यहाँहरु समक्ष निवेदन गर्दछु। तर पनि, वित्तीय संस्थाहरुको बढ्दो उपस्थिति, अस्वस्थ प्रतिस्पर्धा, देशको आर्थिक अवस्था तथा कोभिड १९ जस्ता महामारीको कारण आगामी दिनहरु कति जटिल हुन्छ भन्ने वारेमा पूर्व तयारी रहनुको विकल्प छैन। यस विषयमा व्यवस्थापनलाई सजग गर्दै आइरहेका छौं। फलस्वरुप, मर्जर वा एक्विजिशन पनि एउटा उपाय हुन सक्छ भन्ने नियमन निकायको निर्देशन र वर्तमान परिवेशको अभ्यासलाई खुला राख्ने निर्णय गरेका छौं।

उपस्थित महानुभावहरु, महिला अधिकार तथा विकास केन्द्र नामक गैरसरकारी संस्थाले वि.सं. २०५८ सालदेखि वित्तीय मध्यस्थताको कारोबारको माध्यमबाट नेपालको गरिबी घटाउने उद्देश्यले लघुवित्त सेवा प्रदान गर्न सुरु गरिएको र सोही संस्थाको पहल तथा माछापुच्छ्रे बैंक र १८ जना व्यक्तिगत लगानी कर्ताहरु समेतको पहलमा कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७५ साल जेठ २४ गते महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको स्थापना भएको हो। त्यसपछि नेपाल राष्ट्र बैंकबाट मिति २०७५ साल असोज २२ गते राष्ट्रिय स्तरको वित्तीय कारोबार गर्ने इजाजतपत्र प्राप्त गरी २०७५ साल कात्तिक १ गते विधिवत रुपमा उद्घाटन पश्चात यस वित्तीय संस्थाले उक्त महिला अधिकार तथा विकास केन्द्रको सम्पत्ति तथा दायित्व सहित लघुवित्त कार्यक्रम हस्तान्तरण गरी कार्यक्रम सञ्चालन शुरु गरेकोमा २०७८ साल असोज मसान्तसम्ममा आफ्नो वित्तीय सेवाको पहुँच देशका ३३ जिल्लाका २२३ पालिकाका ५८,३५७ विपन्न परिवारमा सेवा पुगेको जानकारी यहाँहरु समक्ष प्रस्तुत गर्दा मलाई खुसी लागेको छ। सबै शेयरधनी तथा संचालकहरुको सृजनात्मक विचार र तर्क, ग्राहक तथा सरोकारवालाहरुको सकारात्मक सहयोग र कर्मचारीहरुको मेहनतले अगाडि बढ्दै गइरहेको यो वित्तीय संस्था गरिबी न्युनिकरणको अभियानमा काम गर्न अगाडि बढिरहेको छ। हाल नेपालका बहुसंख्यक जनसंख्या ग्रामीण भेकमा बसोबास गर्ने, युवाहरु बेरोजगारीको चपेटामा परेका, वित्तीय अवसर नपाएका गरीब विपन्नहरुको संख्या अझै पनि ज्यादै रहेको आधारमा पनि लघुवित्त कारोबार विस्तार गर्न सक्ने सम्भावना र आधारहरु प्रशस्तै रहेका छन्। यस सम्मानित सभामा वित्तीय संस्थाको सञ्चालक समितिका तर्फबाट यहाँहरु समक्ष आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लगायतका वार्षिक प्रतिवेदन र हासिल गरेका उपलब्धी तथा सामना गर्नु परेका चुनौतीहरु र चालु आर्थिक वर्ष २०७८/७९ को कार्यक्रम सहितको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ। आर्थिक बर्ष २०७७/७८ मा संस्थाले गरेका प्रगतिहरु, उपलब्धीहरु, सञ्चालनमा देखिएका कमी कमजोरीहरु एवं चुनौतिहरु, भविश्यका अल्पकालिन तथा दीर्घकालिन योजनाहरु सहित समग्र वित्तीय कार्यको समीक्षा र पुनरावलोकन गर्न कम्पनी ऐन, २०६३, धितोपत्र दर्ता तथा निश्कासन नियमावली २०७३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को अधिनमा रही तयार गरिएको यो प्रतिवेदन सञ्चालक समितिको तर्फबाट वित्तीय संस्थाको चौथो बार्षिक साधारण सभामा प्रस्तुत गरिएको छ।

## विगत वर्षको कारोबारको सिंहावलोकन :

लघुवित्त बैकिङ व्यवसायमा हाल रहेको अति उच्च प्रतिस्पर्धा तथा विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ तथा देशका विभिन्न स्थानमा लागु भएको लामो समयको निशेधाज्ञाको बाबजुद समीक्षा आर्थिक वर्षमा वित्तीय संस्थाको आर्थिक कारोवारको अवस्था उत्साहप्रद रह्यो । लगानीमा रहिरहेको कर्जा सापट सन्तोषप्रद रुपमा बृद्धि भएको छ । त्यसैगरि निक्षेप दायित्व संतोषजनक रुपमा बृद्धि भएको छ । कर्जा लगानीबाट व्यवसाय विस्तार गर्न विशेष जोड दिएको कारण तिर्न बाँकी कर्जा सापटमा बृद्धि भएको छ । करपछिको नाफामा पनि सन्तोषजनक वृद्धि गर्न वित्तीय संस्था सफल भएको छ । समग्रमा कूल वासलातको आकारमा ८६ प्रतिशत वृद्धि भएको छ । विगत दुई वर्षका प्रमुख परिसूचकहरुको देहायको तुलनात्मक विवरणले वित्तीय संस्थाको आर्थिक कारोवार उत्साहप्रद रहेको देखिन्छ ।

| क्र.सं. | विवरण | गत आ.व. (२०७६/७७) | यस आ.व. (२०७७/७८) | वृद्धि | वृद्धि दर |
|---|---|---|---|---|---|
| १ | सेयर पूँजी (रु.) (प्रस्तावित बोनश शेयर सहित) | ६,००,००,०००।- | १४,७५,००,०००।- | ८,७५,००,००० | १४६% |
| २ | जगेडा तथा कोषहरु (रु) | १२,७८,९३,६२५।- | १४,९८,३८,७२४। | २,१९,४५,०९९।- | १७% |
| ३ | तिर्न बाँकी कर्जा सापट (रु) | १,०१,२३,९८,१७१।- | २,२४,६३,९१,७३५।- | १,२३,३९,९३,५६४।- | १२२% |
| ४ | निक्षेप दायीत्व (रु) | ६६,०५,५५,९७३। | ९२,८०,९०,३३३। | २६,७५,३४,३६०।- | ४१% |
| ५ | कर्जा सापट (रु.) | १,७३,८२,६२,७७६।- | ३,३०,३०,९२,३७६।- | १,५६,४८,२९,६००।- | ९०% |
| ६ | खूद मुनाफा (रु.) | ३,४७,१३,४९२।- | ७,१९,२५,३३२।- | ३,७२,११,८४०।- | १०७% |
| ७ | वासलातको आकार (रु.) | १,८९,२५,३५,७२९।- | ३,५१,८२,७६,०१०।- | १,६२,५७,४०,२८१।- | ८६% |

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट वित्तीय संस्थाको कारोबारलाई पारेको असर :

समीक्षा आर्थिक वर्ष २०७७/७८ को चैत मसान्तसम्म अनुकूल मौसम, स्थिर सरकार, लगानीको अनुकूल वातावरण, ऊर्जाको सहज उपलब्धता लगायत आपूर्ति व्यवस्था संतोषजनक रहेको भएता पनि विश्वमा महामारीको रुपमा फैलिएको कोभिड-१९ को दोश्रो संस्करण र सोको जोखिम न्यूनिकरणको लागि स्थानीय प्रशासनहरुले घोषणा गरेको लामो अवधिको निशेधाज्ञाको कारण आर्थिक गतिबिधीमा प्रत्यक्ष असर पर्‍यो । जसको कारण वित्तीय संस्थाका ग्राहक सदस्यहरुले तोकिएको समयमा कर्जाको सावा ब्याज भुक्तान गर्न नसकि भाका नाघेको कर्जा र कर्जा जोखिम व्यवस्था खर्च उच्च बृद्धि हुन गयो । आर्थिक वर्ष २०७७/७८ को अन्त्य तिर निषेधाज्ञामा केहि खुकुलो भएता पनि कोभिड-१९ को संक्रमण फैलने क्रम तीव्र रहेकोले कार्य क्षेत्रमा निर्धक्कसँग कार्यक्रम सञ्चालन गर्ने चुनौती कायमै रह्यो । अर्को तर्फ लघुवित्त संस्थाहरु बीच तीब्र अस्वस्थ प्रतिष्प्रधा बढेर कर्जाको गुणस्तर कायम गर्न तथा व्यवसाय विस्तारमा ठूलो चुनौती थपिएको छ । यसले समग्रमा लगानी वृद्धि, कर्जाको गुणस्तर वृद्धि तथा नाफामा समेत असर पर्न गएको छ । सहकारी संस्थाको बजारमा बाक्लो उपस्थितिका कारण लघुवित्त बजारलाई थप प्रतिस्पर्धी बनाएको छ ।

## प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा चाल्नु पर्ने कदमको बारेमा सञ्चालक समितिको धारणाः

असहज परिस्थितिका बाबजुद समीक्षा आर्थिक बर्ष २०७७/७८ मा वित्तीय संस्थाले ९ वटा नयाँ शाखा कार्यालय स्थापना गरी कार्यक्रम संचालन गरिएको छ । चालू आर्थिक बर्ष २०७८/७९ को असोज मसान्तसम्म ३३ वटा जिल्लाका २२३ वटा पालिकाहरुमा ६६ वटा शाखा कार्यालय मार्फत ५८ हजार ३ सय ५७ जना सदस्यलाई लघुवित्त कार्यक्रममा आवद्ध गरेको छ ।

आ.व. २०७८/७९ मा ३३ हजार ६ सय ८६ जना सदस्य वृद्धि गरी आ.व.को अन्तसम्म बाँकी सदस्य ८९ हजार ५६ पुऱ्याउने, लगानीमा रहिरहेको कर्जा रु.३ अरव ३१ करोड ७९ लाख ७७ हजार वृद्धि गरी रु.६ अरव ६० करोड ३६ लाख ११ हजार पुऱ्याउने तथा बचत परिचालन तर्फ रु.४५ करोड ९९ लाख ९३ हजारले बृद्धि गरी रु.१ अरव ३७ करोड ७ लाख ८६ हजार पुऱ्याउने लक्ष्य लिइएको छ ।

समीक्षा आ.व.२०७७/७८ को असोज र चालू आ.व.२०७८/७९ को असोज मसान्तसम्म वित्तीय संस्थाको मूख्य वित्तीय अवस्था यस प्रकार रहेको छ ।

| क्र.सं. | विवरण | २०७८ असोज मसान्तसम्म अवस्था |
|---|---|---|
| १. | ग्राहक सदस्य संख्या | ५८,३५७ |
| २. | बाँकी निक्षेप (रु.०००) | १,०१,५८,७७ |
| ३. | लगानीमा रहिरहेको कर्जा (रु.०००) | ३,७९,३८,०६ |
| ४. | आम्दानी (रु.०००) | १७२४०५ |
| ५. | खर्च (रु.०००) | १४३७२८ |
| ६. | कुल नाफा (रु.०००) | २८६७७ |

चालू आर्थिक वर्षमा अन्य लघुवित्त संस्थाको उपस्थिती नभएका हाल कार्यक्रम विस्तार भएका जिल्लाहरुमा तथा थप जिल्लाका उपयुक्त स्थानहरुमा सम्भाव्यता अध्ययन गरी शाखा कार्यालय स्थापना गरी कार्यक्रम विस्तार गर्ने, कोभिड-१९ का प्रभावको कारण खस्किएको केन्द्र बैठक व्यवस्थापन सुधार गर्ने, असुल गर्न बाँकी कर्जाको साँवा तथा ब्याज असुल गर्ने, ग्राहक सदस्यको क्षमता तथा आवश्यकता आदिको प्रयाप्त विश्लेषण गरेर गुणस्तरीय कर्जा लगानी गर्दै कर्जा कारोवार बृद्धि गर्ने, बचत वृद्धिमा विशेष जोड दिने तथा कर्जा सेवालाई समय सापेक्ष बनाउँदै लैजाने लक्ष्य लिइएको छ ।

## कार्यक्षेत्र र शाखा कार्यालयहरू :

यस वित्तीय संस्थाको कार्यक्षेत्र राष्ट्रिय स्तरको रहेको र आर्थिक बर्ष २०७७/७८ को अन्त्यसम्म देशका ७ वटै प्रदेशमा शाखा कार्यालय स्थापना गरी कार्यक्रम विस्तार गरिएको छ । प्रदेश अनुसार शाखा कार्यालयहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | प्रदेश | जिल्ला तथा शाखा कार्यालहरू | जम्मा जिल्ला तथा शाखा संख्या |
|---|---|---|---|
| १ | प्रदेश नं. १ | टंकिसीनवारी र करसीया-मोरङ्ग र भोक्राहा, देवानगञ्ज र इटहरी-सुनसरी तथा चुहाडे-उदयपुर । | जिल्ला संख्या ३ शाखा संख्या ६ |
| २ | प्रदेश नं. २ | कञ्चनपुर-सप्तरी, लहान र सिरहा-सिरहा, जनकपुर, ढल्केवर, नगराइन र धनौजी-धनुषा, जलेश्वर-महोत्तरी, हरीवन-सर्लाही, चन्द्रपुर-रौतहट, सिमरा, कलैया र वेनौली-बारा तथा वीरगञ्ज -पर्सा । | जिल्ला संख्या ८ शाखा संख्या १४ |
| ३ | बागमती प्रदेश | हात्तिगौंडा, डिल्लीबजार, किर्तीपुर, मनमैजु, जोरपाटी, थानकोट, जडीबुटी, जरसिंहपौवा-काठमाडौं, चापागाउँ-ललितपुर, कमलविनायक-भक्तपुर, साँगा-काभ्रेपलाञ्चोक, सुनौलाबजार -धादिङ्ग ढिकेुर-नुवाकोट हेटौंडा-मकवानपुर तथा टाँडी र गितानगर-चितवन । | जिल्ला संख्या ८ शाखा संख्या १६ |
| ४ | गण्डकी प्रदेश | भोटेवडार-लमजुङ्ग, देबघाट-तनहु पालुङ्गटार-गोरखा तथा पोखरा र पिप्ले कास्की । | जिल्ला संख्या ४ शाखा संख्या ५ |
| ५ | लुम्बीनी प्रदेश | बर्दघाट-नवलपरासी, बुटवल, बेथरी र धकधई-रुपन्देही, पकडी र प्रेमनगर-कपिलबस्तु श्रीगाउँ-दाङ्ग, कोहलपुर र नेपालगञ्ज-बाँके तथा गुलरीया र बाँसगढी-बर्दिया । | जिल्ला संख्या ६ शाखा संख्या ११ |
| ६ | कर्णाली प्रदेश | विरेन्द्रनगर र बावियाचौर-सुर्खेत तथा चामुण्डा र गुराँस-दैलेख । | जिल्ला संख्या २ शाखा संख्या ४ |
| ७ | सुदुरपश्चिम प्रदेश | लम्की, सुखड, अत्तरीया, धनगढी, राजीपुर, हँसुलीया र भजनी-कैलाली तथा महेन्द्रनगर, वेलौरी र झलारी-कञ्चनपुर । | जिल्ला संख्या २ शाखा संख्या १० |
| जम्मा | | प्रदेश संख्या ७, जिल्ला संख्या ३३ र शाखा संख्या ६६ । | |

## संचालक समितिमा भएको हेरफेर र सोको कारण

समीक्षा आर्थिक बर्ष २०७७/७८ मा वित्तीय संस्थाको सञ्चालक समितिमा संस्थापक शेयरधनी तर्फबाट प्रतिनिधित्व गर्नुहुने सञ्चालक श्री इन्दु कुमारी कार्कीको प्रतिनिधित्व परिवर्तन भई उक्त संस्थापक शेयरधनीको तर्फबाट श्री निरु कुथुमी राई प्रतिनिधित्व गरिरहनु भएको छ । निवर्तमान सञ्चालक श्री इन्दु कुमारी कार्कीले यस वित्तीय संस्थाको सञ्चालक पदमा रही पुऱ्याउनु योगदानको उच्च सम्मान गर्दै नव नियुक्त सञ्चालकलाई समितिमा स्वागत गरेका छौं । आर्थिक वर्ष २०७७/७८ मा संचालक समितिको बैठक ११ पटक बसेको छ ।

## प्रमुख कार्यकारी अधिकृत

वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत पदमा श्री कृष्ण प्रसाद न्यौपाने रहनु भएको छ ।

## कारोबारलाई असर पार्ने मुख्य कुराहरू

- यस वित्तीय संस्थाको कारोबारलाई असर पार्ने मुख्य कुराहरु यस प्रकार रहेका छन् ।
- कोभिड-१९ को कारण आर्थिक गतिविधिमा पर्न सक्ने दिर्घकालिन असर ।
- लघुवित्त वित्तीय संस्थाका शाखा कार्यालयहरु साथै व्यवसाय विस्तार नीतिले जतातती कार्यक्षेत्र विस्तार गरिरहेका कारण लघुवित्त संस्थाहरु बिच तीब्र अस्वस्थ प्रतिस्पर्धा बढेर व्यवसाय विस्तारमा आएको चुनौती ।
- सदस्य दोहोरोपनाका कारण ग्राहकबाट भइरहेको बहुबैकिङ्ग कारोबारबाट उत्पन्न हुने जोखिमहरु ।
- राष्ट्रिय, अन्तराष्ट्रिय स्तरमा अर्थतन्त्रमा देखिने आर्थिक, मौद्रिक लगायतका नीतिगत परिवर्तनले हुने जोखिमहरु ।
- समय समयमा लगानी योग्य रकम तरलतामा हुने गरेको उतार चढाव तथा कोषको लागतमा बृद्धि ।
- Staff tunover, अनुभवी र दक्ष कर्मचारीहरुको अभावबाट पर्न सक्ने असरहरु ।
- प्रति कर्मचारी उत्पादकत्वमा कमी ।
- नियमनकारी निकायको नीतिगत परिर्वतनका कारण श्रृजना हुने जोखिम ।

## लेखापरीक्षण प्रतिवेदन र संचालक समितिको प्रतिक्रिया

श्री पि.वाई.सि. एण्ड एसोसियट्स, चार्टड एकाउन्टेन्टस्, काठमाडौंले यस वित्तीय संस्थाको आ.ब. २०७७/७८ को लेखापरीक्षण कार्य सम्पन्न गरेको छ । कार्य संचालनमा हुने सामान्य कैफियतमा दिइएका सुझाव बाहेक निजले पेस गरेको लेखापरीक्षण प्रतिवेदनमा कुनै नकारात्मक कुरा उल्लेख छैनन् । लेखापरीक्षकबाट प्रतिवेदनमा दिइएका सुझावहरु कार्यान्वयन गरिरहेका छौं ।

## लाभांश बाँडफाँड

समीक्षा वर्षको खूद मुनाफा रु.७ करोड १९ लाख २५ हजार ३ सय ३२ मा गत बर्षको संचित मुनाफा समेत गरी जम्मा रु.१५ करोड ८६ लाख ३९ हजार ९ सय ९३ बाँडफाँडको लागि उपलब्ध रहेको छ । जसमध्ये साधारण जगेडा कोषमा रु.२ करोड ९३ लाख ८५ हजार ६६, ग्राहक संरक्षण कोषमा रु.८२ लाख १९ हजार २ सय ५३, संस्थागत सामाजिक उत्तरदायित्व कोषमा रु.७ लाख १९ हजार २ सय ५३, संस्था विकास कोषमा रु.३ लाख ५९ हजार ६ सय २७, कर्मचारी सम्बन्धी जगेडा कोषमा रु.३ लाख ५९ हजार ६ सय २७ तथा स्थगन कर जगेडा कोषमा रु.३५ लाख ६ हजार ३ छुट्याएको छ । त्यसैगरी यस बर्षको चुक्ता पूँजीको २.५ प्रतिशतले प्रस्तावित नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशको कर समेत) का लागि रु.२५ लाख र ४७.५ प्रतिशतले प्रस्तावित बोनस शेयरका लागि रु.४ करोड ७५ लाख रुपैया यस सभाको स्वीकृती पश्चात बाँडफाँडका लागि छुट्याएको व्यहोरा जानकारी गराउँदछु ।

## पूँजी वृद्धि

आ.व. २०७६/७७ मा वित्तीय संस्थाको चुक्ता पूँजी रु.६ करोड रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा जारी जुँजी रु.१० करोडको ४० प्रतिशतले हुने रकम रु.४ करोड सर्वसाधरणको लागि शेयरको प्रारम्भिक निश्कासन पश्चात हाल संस्थाको चुक्ता पूँजी रु. १० करोड पुगेको छ । यस गरिमामय सभामा यहाँहरु समक्ष हालैको चुक्ता पूँजीको ४७.५ प्रतिशतले हुन आउने बोनस शेयर वापतको रकम रु.४ करोड ७५ लाख पारित गर्नको लागि प्रस्ताव पेश गरिएकोले प्रस्ताव पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु । प्रस्ताव पारित पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी १४ करोड ७५ लाख पुग्नेछ ।

## आन्तरिक नियन्त्रण प्रणाली :

लघुवित्त कार्यक्रमको संचालनमा रहेका जोखिमहरुको व्यवस्थापन र नियन्त्रणको लागि चाहिने कार्यविधिहरु र नीति नियमहरु तयार गरी कार्यान्वयन गरेका छौं । लघुवित्तको उद्देश्य परिपूर्ति गर्न र संचालन तथा वित्तीय जोखिमहरु बहन गर्नुपर्ने आवश्यकतालाई

मनन गर्दै जोखिमका दुष्प्रभावहरुलाई न्यूनिकरण गर्ने तर्फ हामी सदैव अग्रसर रहेका छौं । यसको लागि नीतिगत तहमा सञ्चालक डा. इमानसिंह गुरुङ्गको संयोजकत्वमा जोखिम व्यवस्थापन समिति कार्यरत रहेको छ। सो समितिमा लेखापरीक्षण समितिका संयोजक श्री सुभाष जमरकटेल पदेन सदस्य हुनुहुन्छ भने कर्जा, जोखिम व्यवस्थापन विभागका प्रमुख, श्री इश्वर बहादुर रोका सदस्य सचिवका रुपमा कार्य गरिरहनु भएको छ । यस समितिले संभावित जोखिमका क्षेत्र पहिचान गर्ने, सो सम्बन्धी नीति निर्देशनहरु तयार गरी समितिमा पेस गर्ने र सोको कार्यान्वयनबारे समीक्षा गर्ने गर्दछ। यस समितिको बैठक हरेक तीन महिनामा वसी जोखिम व्यवस्थापन तथा न्यूनिकरणको लागि संचालक समिति मार्फत व्यवस्थापनलाई राय दिने गरिआएको छ ।

आन्तरिक नियन्त्रण प्रभावकारी बनाउन आर्थिक प्रशासन विनियमावली, कर्मचारी सेवा विनियमावली, लघुवित्त कार्यक्रम संचालन बिधि, कर्जा अपलेखन विनियमावली लगायत नीति, नियम, परिपत्रहरु तयार गरी कार्यान्वयन गरिएको छ । सोलाई प्रभावकारी कार्यान्वयन गर्न केन्द्रीय कार्यालयमा ७ वटा विभागहरु र अनुगमन कार्यलाई प्रभावकारी वनाउन डिल्लीबजार काठमाडौं, सिमरा बारा, टाँडी चितवन, वुटवल रुपन्देही, नेपालगञ्ज बाँके, अत्तरीया कैलाली, टंकीसिनावरी मोरङ्ग र ढल्केवर धनुषामा गरी ८ वटा सुपरिवेक्षण तथा निरीक्षण कार्यालयहरु रहेका छन् ।

## लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :

नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा कम्पनी ऐनका प्रावधानहरुका अधिनमा रही लेखापरीक्षण समितिको गठन गरी कार्य गरिरहेको छ । हाल लेखापरीक्षण समितिमा माछापुच्छ्रे बैंकबाट प्रतिनिनित्व गर्नुहुने सञ्चालक श्री सुभाष जमरकटेल संयोजक, सञ्चालक श्री निरु कुथुमी राई सदस्य तथा आन्तरिक लेखापरीक्षण विभाग प्रमुख श्री बल बहादुर राना सदस्य सचिव सहितको लेखापरीक्षण समिति कार्यरत रहेको छ । यस समितिले आन्तरिक र बाह्य लेखापरीक्षण प्रतिवेदनहरु तथा सुपरिवेक्षकीय प्रतिवेदनहरुको कार्यान्वयन, सुधारको समीक्षा र आवश्यक सुझाव सहित संचालक समितिमा हरेक ३-३ महिनामा प्रतिवेदन पेस गर्ने, सोका आधारमा सञ्चालक समितिले व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गरेको छ ।

लेखापरीक्षण समिति बैठक समीक्षा वर्षमा ६ पटक बसेको र समितिका पदाधिकारीलाई बैठक भत्ता बापत जम्मा रु.१ लाख ९६ हजार ५ सय मात्र उपलब्ध गराइएको छ ।

## मानव संशाधन व्यवस्थापन तथा तालिम

मानव संशाधनको प्रभावकारी व्यवस्थापनबाट मात्र वित्तीय संस्थाको लक्षित उद्देश्य हासिल हुने र ग्राहकहरुलाई उत्कृष्ट सेवा दिन सकिने भएकोले दक्ष मानव संशाधन विकास गर्नको लागि कर्मचारीको तालिम र वृत्ति विकासमा विशेष ध्यान दिने गरिएको छ । वित्तीय संस्थामा समीक्षा आर्थिक वर्षको समीक्षा अवधिमा विभिन्न तहमा ३०८ जना कर्मचारी कार्यरत रहेका छन् । कर्मचारीको वृत्ति विकास र क्षमता अभिविद्धिको लागि शाखा व्यवस्थापन, लघुउद्यम कर्जा व्यवस्थापन, नियमन निकायमा पेश गर्नु पर्ने प्रतिवेदन तयारी, अनुगमन तथा लघुवित्त व्यवस्थापन, अनुगमन तथा मुल्यांकन, शाखा व्यवस्थापन तालिम गरी विभिन्न तालिममा ७६ जना कर्मचारीहरुलाई पेशागत सीप विकासका लागि तालिम प्रदान गरिएको छ । पुराना र दक्ष कर्मचारी संस्थामा टिकाइ राख्न खुला प्रतियोगिताबाट पदपूर्ति गर्दा तोकिएको शैक्षिक योग्यता तथा अनुभव हाँसिल गरेका कर्मचारीहरुलाई प्राथमिकता दिएर उत्प्रेरणा दिने गरिएको छ । समीक्षा आर्थिक वर्षमा वरिष्ठ अधिकृत पदमा १ जना, अधिकृत पदमा ४ जना, कनिष्ठ अधिकृत पदमा ६ जना र वरिष्ठ सहायक पदमा ४ जना कर्मचारीहरुलाई आन्तरिक मुल्यांकनबाट बढुवा गरिएको छ । त्यसै गरी सहायक प्रबन्धक पदमा १ जना तथा वरिष्ठ सहायक पदमा १ जना कर्मचारीलाई कायम मुकाय मुकरर गरिएको छ । नेपाल एसबिआई बैंकसँग संझौता गरी कर्मचारीहरुलाई विना धितो सहुलिएत ब्याजदरमा कर्जा व्यवस्था समेत गरिएको छ । समीक्षा अवधिमा कोभिड १९ वाट संक्रमित २९ जना कर्मचारीहरुलाई रु.४ लाख ४० हजार आर्थिक सहयोग उपलब्ध गराईएको छ ।

सञ्चालक समितिका सदस्यको संयोजकत्वमा गठित कर्मचारी सेवा सुविधा समितिमा संचालक श्री निरु कुथुमी राई संयोजक, प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण प्रसाद न्यौपाने पदेन सदस्य, जनशक्ति व्यवस्थापन विभाग/वित्त तथा लेखा विभागका प्रमुख श्री हरी प्रसाद गौतम सदस्य सचिव रहनु भएको छ । समीक्षा अवधिमा कर्मचारी सेवा सुविधा समितिको बैठक १ पटक बसेको छ ।

## सूचना र प्रविधि :

कारोवारको लेखाङ्कन तथा अभिलेखलाई आधुनिकीकरण गर्न संस्थाले कारोवार शुरु गरेको आर्थिक वर्ष २०७५/७६ देखि नै सफ्टवेयर निर्माता कम्पनी "सिनर्जी टेक सफ्टवेयर प्रा.लि." बाट निर्मित एमफिन सफ्टवेयर खरिद गरी सम्पूर्ण कार्यालयहरुमा केन्द्रीकृत (Centralized) सर्भरमा आधारित अनलाइन प्रविधि प्रयोग गरिरहेको छ । सफ्टवेयर डाटाको सुरक्षाको लागि Cloud Himalaya बाट सर्भरको सञ्चालन गरि सफ्टवेयर सञ्चालन गरिएको छ। सोको प्रभावकारी कार्यका लागि सूचना प्रविधि विभागको स्थापना गरी कार्य गरिएको छ । सोहि अनुरुप सो सफ्टवेयरको अपग्रेड र कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्दै लगिने नीति रहेको छ। कर्मचारीहरुको तलव तथा भत्ता केन्द्रीय कार्यालयबाट वितरण गरी सम्बन्धित शाखा कार्यालयमा खर्च लेख्ने व्यवस्था मिलाईएको छ। चालु आर्थिक बर्ष देखि HR Software प्रयोगमा ल्याईएको छ।

## विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चहरूको विवरण

वित्तीय संस्थाले विभिन्न बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा र ग्राहक सदस्यहरुको बचतमा दिएको व्याज खर्च गत आर्थिक बर्ष २०७६/७७ मा रु.१४ करोड २१ लाख १२ हजार ६ सय ४७ रहेकोमा यस आर्थिक वर्ष २०७७/७८ मा १३ प्रतिशतले बृद्धि भई १६ करोड ७ लाख ५० हजार १ सय ६५ खर्च भएको छ। तरलता सहज भएको कारण गत आर्थिक बर्षको तुलनामा बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको कर्जामा व्याज दर कम भएकोले कारोवार वृद्धिको अनुपातमा ब्याज खर्च न्युन मात्र बृद्धि भएको छ।

त्यसै गरि गत आर्थिक बर्ष २०७६/७७ मा कर्मचारी खर्च रु.७ करोड ८३ लाख ९० हजार ६ सय ७८ भएकोमा समीक्षा आर्थिक बर्ष २०७७/७८ मा १८ प्रतिशतले बृद्धि भई रु.९ करोड २६ लाख ११ हजार ४ सय ९१ हुन गएको छ भने अन्य सञ्चालन खर्च आर्थिक बर्ष २०७६/७७ मा रु.२ करोड १२ लाख ३५ हजार ३ सय ४५ भएकोमा यस आर्थिक वर्ष २०७७/७८ मा २५ प्रतिशतले बृद्धि भई रु.२ करोड ६६ लाख ८५ हजार ४ सय ६० खर्च हुन गएको छ। त्यस्तै संभावित नोक्सानी व्यवस्थामा आर्थिक बर्ष २०७६/७७ मा रु.४ करोड ६ लाख ५ हजार ४ सय १५ खर्च लेखिएकोमा यस आर्थिक बर्ष २०७७/७८ मा सोमा २७५ प्रतिशले बृद्धि भई रु.१५ करोड २३ लाख ६९ हजार ३ सय २० खर्च हुन गएको छ। समीक्षा अवधिमा कार्यक्रम विस्तारसँगै कर्मचारी संख्यामा पनि बृद्धि भएकोले कर्मचारी खर्च बृद्धि भएको छ। कर्जा लगानीमा बृद्धि भएको तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम थप कर्जा नोक्सानी व्यवस्था गर्नु पर्ने भएकाले सम्भावित नोक्सानी व्यवस्था उच्च बृद्धि भएको छ।

## अन्य गतिविधिहरू :

### संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरू:

लघुवित्त कार्यक्रमको प्रमुख उद्देश्यहरुमा दिगोपनाको लागि नाफा आर्जन, समाजको सामाजिक तथा आर्थिक रुपान्तरण र वातावण संरक्षण तथा सुधार रहेको छ । यसैले महिला लघुवित्त वित्तीय संस्था लि. ले मुनाफा आर्जनका अतिरिक्त आफ्नो सामाजिक उत्तरदायीत्व प्रति सचेत रही सामाजिक सेवामा योगदान पुऱ्याउँदै आएको छ । यसको लागि गत आर्थिक वर्ष २०७६/७७ को मुनाफाको १% ले हुने रकम रु.३ लाख ४७ हजार १ सय ३५ छुट्टयाको र यस कोषबाट सामाजिक कार्यहरुमा खर्च गर्ने गरिएको छ। समीक्षा आर्थिक बर्षमा तनहु जिल्लाको देवघाट गाउँपालिका वडा नं. २ मा पर्ने आदर्श शिक्षा मा.वि.का विद्यार्थी भाई बैनीका लागि रु.५७ हजार १ सय दश बरावरको भौतिक सामग्री उपलब्ध गराईएको छ। समीक्षा आर्थिक बर्षको मुनाफाबाट पनि सामाजिक संस्थागत उत्तरदायित्व कोषमा खुद मुनाफाको १ प्रतिशतले हुने रकम रु.७ लाख १९ हजार २ सय ५३ छुट्याइएको छ।

### ग्राहक संरक्षण सम्बन्धी कार्यहरू:

नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ग्राहक संरक्षण कोष शीर्षकमा गत वर्षसम्म व्यवस्था गरिएको रकम रु.२ करोड ६७ लाख ६८ हजार ४ सय ४३ रहेकोमा उक्त कोषबाट आर्थिक बर्ष २०७७/७८ मा २ जना सदस्यको मृत्यु वापत सुविधा रु.२० हजार ५ सय, २ जना सदस्यको मृत्युमा निजको नाममा बाँकी रहेको कर्जा मिनाहा रु.५९ हजार ७ सय ७, ८ जना सदस्यका श्रीमानको मृत्यु वापत रु.२४ हजार ५ सय, १ जना सदस्यको घर आगलागीबाट क्षतीवापत रु.२ हजार, ५९४ जना सदस्यलाई सुत्केरी स्याहार खर्च वापत रु.५ लाख ९४ हजार, कोभिड-१९ को रोकथामको लागि Sanitizer र सावुन वितरण वापत रु.४१ हजार ७५, कोभिड १९ वाट संक्रमित ५२ जना सदस्यलाई नगद सहयोग रु.५२ हजार र ३,४७४ जना केन्द्र प्रमुखहरु गोष्ठीमा सहभागी भए वापत खाजा खर्च रु.९ लाख ९१ हजार ७ सय ३८ गरी आर्थिक बर्ष २०७७/७८ मा जम्मा रु.१७ लाख ८५ हजार ५ सय २० खर्च गरिएको छ। उक्त कोषमा आर्थिक वर्ष २०७७/७८ को खुद नाफाको १ प्रतिशतले हुने रु.७ लाख १९ हजार २ सय ५३ तथा २० प्रतिशत

माथिको प्रस्तावित लाभांशको २५ प्रतिशतले हुने रकम रु.७५ लाख छुट्याईएको रकम तथा ग्राहक संरक्षण कोषमा रहेको रकमबाट प्राप्त भएको ब्याज वापतको रकम रु. १८ लाख ६२ हजार ३ सय ९८ गरी हाल कुल मौज्दात रु.३ करोड ५० लाख ६४ हजार ५ सय ७५ रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा पनि उक्त रकमबाट ग्राहक संरक्षण कोष निर्देशिका अनुसार ग्राहक सदस्यहरुको सामुहिक हित, समस्यामा परेका ऋणीहरुको सुरक्षण, उनीहरुको शिक्षा र क्षमता विकास, सिप विकास लगायतका कार्यहरुमा खर्च गर्ने कार्यलाई निरन्तरता दिइने छ।

**कम्पनीको औद्योगिक र व्यवसायिक सम्बन्धः**

यस वित्तीय संस्थाले नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्टारको कार्यालय, नेपाल धितो पत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज, सिडिएस एण्ड क्लियरिङ लिमिटेड, आन्तरिक राजश्व कार्यालय, नेपाल लघुवित्त बैंकर्स संघ तथा विभिन्न अन्तरराष्ट्रिय संघ संस्था लगायत अन्य निकायहरुसँग सुमधुर सम्बन्ध राख्दै आएको छ। भविश्यमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थासँगको सम्बन्ध थप सुमधुर कायम गर्न प्रयत्नशील रहने छ।

**संस्था विकास कोष :**

गत आर्थिक वर्षसम्म संस्थागत विकास कोषमा रु.२ लाख ९४ हजार ७ सय ४८ बाँकी रहेकोमा समीक्षा आर्थिक वर्ष २०७७/७८ को खुद मुनाफाबाट ०.५ प्रतिशतले हुने रु.३ लाख ५९ हजार ६ सय २७ छुट्याइएको छ। संस्था विकास कोषमा जम्मा रु.६ लाख ५४ हजार ३ सय ७५ बाँकी रहेको छ। उक्त रकमबाट भविश्यमा संस्था विकासको लागि भैपरी आउने कार्यहरुको लागि खर्च गरिने छ।

**कर्मचारी सम्बन्धी जगेडाः**

समीक्षा आर्थिक वर्ष २०७७/७८ को खुद मुनाफाबाट कर्मचारी सम्बन्धी जगेडामा ०.५ प्रतिशतले रु.३ लाख ५९ हजार ६ सय २७ छुट्यााइएको छ। उक्त रकमबाट भविश्यमा कर्मचारीको विकासको लागि भैपरी आउने कार्यहरुको लागि खर्च गरिने छ।

**राजश्वमा योगदानः**

समीक्षा आ.ब.मा यस वित्तीय संस्थाबाट नेपाल सरकार, आन्तरिक राजश्व कार्यालयमा संस्थागत आयकर (Corporate Tax) वापत रु.३ करोड २० लाख ४० हजार ८ सय ४०, कर्मचारीहरुको परिश्रमिक आयकर वापत रु.९ लाख ८९ हजार ४ सय ३४, ग्राहक सदस्यको निक्षेपमा प्रदान गरेको व्याजमा कर वापत रु.२६ लाख ३० हजार १७, केन्द्रीय कार्यालय लगायत शाखा कार्यालयहरुबाट भुक्तानी गरिएको घर बहालमा कर वापत रु.१० लाख ४८ हजार ४ सय ३७ तथा अन्य कर वापत रु.१ लाख १७ हजार ४ गरी २१ गरी जम्मा रु.३ करोड ६८ लाख २६ हजार १ सय ४९ योगदान गरिएको छ।

**बिमा कार्यक्रमः**

सदस्यले कर्जा लिएपछि निजको मृत्यु भएमा वा स्थायी अशक्त भएमा त्यस पश्चात पनि निजको परिवार ऋणको भारमा रहिरहनु पर्ने अवस्थाबाट मुक्ति दिन कर्जा बिमा कार्यक्रम र कर्जा लिएका वा नलिएका सदस्य तथा नीजको पतिको मृत्युमा राहत उपलब्ध गराउने उद्देश्यले रिलायवल जीवन बिमा कम्पनीसँग संझौता गरी कार्यान्वयन गर्दै आएको बिमा कार्यक्रमलाई निरन्तरता दिईएको छ। यस कार्यक्रमले वित्तीय संस्थाको कर्जा चुक्ता हुने मितिसम्म रक्षावरण गर्दछ। कर्जा लिएको सदस्य बिरामी वा दूर्घटनाका कारणले मृत्यु भएमा वा स्थायी वा पूर्ण अशक्त भएमा वित्तीय संस्थाबाट लिएको पुरै कर्जा बराबरको रकम बिमा कम्पनीबाट प्राप्त हुने र वित्तीय संस्थालाई बुझाउन बाँकी रकम कट्टा गरी बाँकी कर्जा भन्दा बढी भएको रकम सदस्यको परिवारलाई फिर्ता गर्ने तथा काज किरियाको लागि थप रकम समेत प्राप्त हुने गरी सदस्यको हितको लागि बिमा कार्यक्रम सञ्चालन गरिएको। आर्थिक वर्ष २०७७/७८ मा ७६ जना सदस्यको मृत्युमा रु.७९ लाख १२ हजार ४ सय ९९ र २१४ जना सदस्य तथा सदस्यहरुका पतिको मृत्युमा रु.२७ लाख ६२ हजार ५ सय दावी भुक्तानी गरिएको छ।

**सूचनाको व्यवस्था :**

संस्थाले शेयरधनीहरुसँग सूचना आदन प्रदान गर्ने कार्यलाई उच्च प्राथमिकता दिएको छ। वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुसँगको प्रत्यक्ष संवादको माध्यमबाट मार्ग निर्देशन प्राप्त गर्ने गरेको छ। संस्थाको वार्षिक प्रतिवेदन, त्रैमासिक प्रतिवेदन

लगायत अन्य जानकारीहरु विभिन्न सञ्चार माध्यम, पत्र पत्रिका एवम् संस्थाको वेव साइट www.mlbsl.com.np मार्फत उपलब्ध गराउने गरिएको छ । साथै, सूचनाको हक सम्बन्धी ऐन, २०६४ दफा ५ को उपदफा ३ बमोजिमका विवरणहरु प्रत्येक त्रैमासको अन्त्यमा पत्रिका मार्फत सार्वजनिक गर्ने गरिएको छ ।

**अन्तमा :**

हामीलाई निरन्तर मार्गदर्शन, सहयोग र प्रोत्साहन गरी वित्तीय संस्थाको काम कारबाही संचालन गर्न हौसला प्रदान गर्ने सबै सेयरधनी संस्था र महानुभावहरु प्रति कृतज्ञता ब्यक्त गर्दछु । वित्तीय संस्थालाई कार्य संचालनमा निरन्तर मार्गदर्शन र निर्देशन दिई सहयोग गर्ने नेपाल सरकार, अर्थ मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितो पत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडलाई धन्यबाद ज्ञापन गर्दछु । हामीलाई विपन्न वर्गमा कर्जा प्रवाहका लागि आवश्यक कर्जा सापट उपलब्ध गराई विपन्न वर्गको उत्थानमा सहयोग गर्ने सबै बैंक तथा वित्तीय संस्थाहरु प्रति पनि आभारी ब्यक्त गर्दछु । त्यसै गरी वित्तीय संस्थाको उन्नति र प्रगतिमा साथ दिई कार्य सफलतामा योगदान पु¥याउने प्रमुख कार्यकारी अधिकृत सहित वित्तीय संस्था व्यवस्थापन र सम्पूर्ण कर्मचारीहरु तथा मिहिनेत साथ यथासमयमै लेखापरीक्षण गरिदिने बाह्य लेखापरीक्षक र कानुनी विषयहरुमा राय दिई सहयोग गर्ने कानुनी सल्लाहकारलाई सञ्चालक समितिको तर्फबाट विशेष धन्यबाद दिन चाहन्छु र विशेष रुपमा हामीलाई निरन्तर सेवा गर्ने महत्वपूर्ण मौका दिई वित्तीय संस्थाको उन्नति र प्रगतिका आधारको रुपमा दीगोपना दिने आदरणीय ग्राहक सदस्य वर्ग प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

**धन्यवाद !**

सञ्चालक समितिका तर्फबाट

.................................

मिति २०७८ मंसिर २२ गते बुधबार ।

अध्यक्ष

## अनुसूची "क"

## कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिमका समीक्षा आर्थिक वर्षका खुलाउनपर्ने अन्य विवरणहरू

(क) **विगत बर्षको कारोवारको सिंहावलोकन** : अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने संचालक समितिको प्रतिवेदनमा समेटिएको ।

(ख) **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई कुनै असर परेको भए सोको असर** : अध्यक्षज्यूद्वारा प्रस्तुत संचालक समितिको प्रतिवेदनमा समेटिएको ।

(ग) **प्रतिवेदन तयार भएको मितिसम्म चालू बर्षको उपलब्धि र भविश्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणः** अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने संचालक समितिको प्रतिवेदनमा समेटिएको ।

(घ) **कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध** : वित्तीय संस्था आफ्ना सबै सरोकारवाला पक्षसँग सुमधुर सम्बन्ध कायम गर्दै आएको छ । कर्जा सापट प्राप्त गर्न विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, नियामक निकायहरु लगायत सबै संस्था तथा निकायहरुसँग सौहार्द सम्बन्ध रहेको छ । वित्तीय संस्था भित्र सबै तहका कर्मचारीहरुमा पुर्ण सामान्जस्यता कायम रहेको र निरन्तर एकै परिवार सरह अनुभुती हुने कार्यगत संस्कार रहेको छ ।

(ङ) **संचालक समितिमा भएको हेरफेर र सोको कारणः** अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने संचालक समितिको प्रतिवेदनमा समेटिएको ।

(च) **कारोवारलाई असर पार्ने मुख्य कुराहरूः** अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने संचालक समितिको प्रतिवेदनमा समेटिएको ।

(छ) **लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भए सो उपर सञ्चालक समितिको प्रतिकृया** : लेखा परीक्षण प्रतिवेदनमा नियमित कारोबारका सामान्य कैफियत बाहेक गम्भीर प्रकृतिका त्रुटीहरु देखिएको छैन । लेखापरीक्षण प्रतिवेदनबाट प्राप्त सुझावहरुमा संचालक समितिको ध्यानाकर्षण भएको छ। प्रतिवेदनबाट प्राप्त सुझावहरुलाई अनुसरण गर्न व्यवस्थापनलाई निर्देशन दिइएको छ।

(ज) **लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम** : अर्थिक बर्ष २०७७/७८ सम्मको खुद मुनाफाबाट कायम रहेको चुक्ता पूँजी रु.१०००००००। को २.५ प्रतिशत नगद लाभांश (नगद लाभांश तथा बोनश सेयरको कर प्रयोजनका लागी) तथा बोनश सेयर ४७.५ प्रतिशत गरी जम्मा ५० प्रतिशत लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको छ ।

(झ) **शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगाबै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछी सो शेयर विक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण** : हालसम्म कुनै शेयर जफत गरिएको छैन ।

(ञ) **विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन** : यस वित्तीय संस्थाको सहायक कम्पनी रहेको छैन ।

(ट) **कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरू र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन** : यस वित्तीय संस्थाको सहायक कम्पनी रहेको छैन ।

(ठ) **विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी** : हालसम्म कुनै जानकारी प्राप्त भएको छैन ।

(ड) **विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारीः**

निम्न संचालक तथा पदाधिकारीहरुले देहाय बमोजिमको शेयर धारण गरेका छन् :

| क्र.सं. | नाम, पद | सेयर स्वामित्व | |
|---|---|---|---|
| | | संस्थागत | व्यक्तिगत |
| (क) | सञ्चालकहरु | | |
| १ | श्री तारा कुँवर ( प्रतिनिधी-महिला अधिकार तथा विकास केन्द्र) | ५५,००० | १०,००० |
| २. | श्री सुभाष जमरकटेल (प्रतिनिधी-माछापुच्छ्रे बैक लि.) | १,४०,००० | |
| ३. | डा. ईमानसिंह गुरुङ्ग व्यक्तिगत | | १,४५,००० |
| ४. | श्री नीरु कुथमी राई व्यक्तिगत | | ४५,००० |
| ५. | श्री कोपिला पोखरेल | | |
| (ख) | पदाधिकारीहरु | | |
| १. | श्री कृष्ण प्रसाद न्यौपाने व्यक्तिगत | | २,०००। |
| २. | श्री बल बहादुर राना व्यक्तिगत | | १,०००। |

(ढ) **विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा** : छैन ।

(ण) **कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम** : आफ्नो कुनै सेयर आफूले खरिद गरेको छैन ।

(त) **आन्तरिक नियन्त्रण प्रणालि भए वा नभएको र भएको भए सो को विस्तृत विवरण** : संस्थाले हाल कर्जा अपलेखन विनियमावली, समूह/केन्द्र गठन तथा संचालन एवम् बचत तथा कर्जा व्यवस्थापन कार्यबिधि, सूचना प्रविधि निर्देशिका, आर्थिक प्रशासन विनियमावली, कर्मचारी सेवा विनियमावली, ग्राहक पहिचान कार्यविधि, लेखापरीक्षण कार्यविधि आदि तयार गरी लागू गरिएको तथा सो अनुसार कार्यान्वयन गर्दै आएको छ । संस्थामा जोखिम व्यवस्थापन समिति, लेखा परिक्षण समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति तथा कर्मचारी सेवा सुविधा समित सकृय रहेका छन् । साथै संस्थाको कारोबारका सन्दर्भमा भविष्यमा आवश्यक पर्ने नीति नियमहरु तर्जुमा गरी कार्यान्वयन गर्दै लगिने एवं संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाउँदै लगिने छ ।

(थ) **विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण:** कर्मचारी खर्च रु.९,२६,११,४९१।- र अन्य संचालन खर्च रु.२,६६,८५,४६०।- गरी कूल व्यवस्थापन खर्च रु.११,९२,९६,९५२।- रहेको छ ।

(द) **लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण** : आ.व. २०७७/७८ को लेखापरीक्षण समितिको संयोजकमा संचालक श्री सुभाष जमरकट्टे,, सदस्यमा सञ्चालक डा. इमानसिंह गुरुङ्ग र सदस्य सचिवमा आन्तरिक लेखापरीक्षण विभाग प्रमुख श्री बल बहादुर राना रहनु भएको छ । समितिका सयोजक तथा सदस्यलाई प्रति बैठक भत्ता रु.३,५००/- बाहेक अन्य कनै पारिश्रमिक/सुविधा दिइएको छैन । संस्थामा कार्यरत कर्मचारीलाई बैठक भत्ताको व्यवस्था गरिएको छैन । यस समितिले संस्थाको आन्तरिक लेखापरीक्षण प्रतिवेदन, वाह्य लेखापरीक्षण प्रतिवेदनको समीक्षा गरी सो बाट प्राप्त सल्लाह, सुझाव तथा निर्देशनहरुको पालना भए नभएको मूल्याङ्कन गर्ने, तथा उक्त प्रतिवेदनहरुको समीक्षा गरी सुधारका लागि आवश्यक निर्देशन दिने गरेको छ। समितिले आन्तरिक तथा बाह्य लेखापरीक्षकहरु नियुक्तिका लागि संचालक समिति समक्ष आवश्यक सिफारिस गरेको छ ।

(ध) **सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा** : नभएको

(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम,

- संचालकहरुलाई बैठक भत्ता बापत जम्मा भुक्तान गरिएको रकम रु.१,९६,५००।- रहेको छ ।
- कार्यकारी प्रमुखलाई पारिश्रमिकको रुपमा जम्मा भुक्तान गरिएको रकम रु.१८,१९,७२०।-

(प) **सेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांश रकम:** हालसम्म लाभांस वितरण गरिएको छैन ।

(फ) **दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्रि गरेको कुराको विवरण** : नभएको ।

(ब) **कम्पनी ऐनको दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण** : नभएको

(भ) **कम्पनी ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुराहरू** : खुलाउनुपर्ने अन्य कुराहरु नभएको ।

(म) **अन्य आवश्यक कुराहरू** : अन्य आवश्यक कुराहरु नभएको । यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुरा : छैन ।

# धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १५ को नियम २६ को उपनियम (२) संग सम्बन्धित आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन

१) **सञ्चालक समितिको प्रतिवेदन :**
वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

२) **लेखापरीक्षकको प्रतिवेदन :**
वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

३) **लेखापरीक्षण भएको वित्तीय विवरण :**
वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

४) **कानूनी कारवाही सम्बन्धी विवरण :**

क) गत त्रैमासमा यस संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्धा दायर भएको छैन ।

ख) यस संस्थाको सस्थापक वा सञ्चालकले वा सस्थापक वा सञ्चालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन ।

५) **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

**क) शेयर कारोवार धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयर कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :**

संस्थाको शेयर कारोवार बजारको सिद्धान्त अनुसार सञ्चालन हुने भएकोले यस सम्बन्धमा व्यवस्थापनको कुनै धारणा नरहेको ।

**ख) गत बर्षको त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मुल्यका साथै कुल कारोवार शेयर संख्या र कारोवार दिन ।**

| त्रैमासिक विवरण | अधिकतम मुल्य | न्यूनतम मुल्य | अन्तिम मुल्य | कारोबार संख्या | कारोबार दिन | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रथम त्रैमास | | | | | | |
| दोस्रो त्रैमास | | | | | | |
| तेस्रो त्रैमास | १०९९ | ४३८ | १०९९ | ७१ | १७ | |
| चौथो त्रैमास | ५७४९ | ११२० | ४८७० | २४०२७ | ६५ | |

६) **समस्या तथा चुनौती :**
वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

७) **संस्थागत सुशासन :**
वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

Regd. with The Institute of Chartered Accountants of Nepal : 56

**PYC & ASSOCIATES**
Chartered Accountants

A member firm of ECOVIS®

# महिला लघुवित्त वित्तिय संस्था लिमिटेडका
## शेयरधनी महानुभावहरु समक्ष
## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**1.वित्तीय विवरण माथि लेखापरीक्षकका राय**

| ७ | संस्था उपर दावी परेको तर संस्थाले दायित्व स्वीकार नगरेको दायित्वहरु | २०० | – | – | – | – |
| | **(ख) जम्मा** | | – | – | – | – |
| **ग** | **सञ्चालन जोखिम वापत कुल सम्पत्तिको २ प्रतिशतले हुन आउने रकम** | १०० | ७३,०२७ | ७३,०२७ | ३८,७१७ | ३८,७१७ |
| | **(ग) जम्मा** | | ७३,०२७ | ७३,०२७ | ३८,७१७ | ३८,७१७ |
| | **कूल जोखिम भारित सम्पत्ति जम्मा (क+ख+ग)** | | ३,७२४,३६५ | ३,५६८,९२३ | १,९७४,५६७ | १,८६०,६५२ |

## महिला लघुवित्त वित्तीय संस्था लिमिटेड

### विगत ५ वर्षको परिसूचकहरू

# प्रमुख सूचकाङ्कहरू

अनुसूची ४.२५

| क्र.सं. | विवरण | सूचकाङ्क | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७७/७८ | २०७६/७७ | २०७५/७६ | २०७४/७५ | २०७३/७४ |
| १. | खुद नाफा/कुल आम्दानी प्रतिशत | प्रतिशत | १३% | १०% | १३% | -१०८% | – |
| २. | प्रति शेयर आम्दानी | रु. | ७१.९३ | ५७.८६ | ४०.३९ | -०.३९ | – |
| ३. | प्रति शेयर बजार मूल्य | रु. | ४,८७० | – | – | – | – |
| ४. | मूल्य आम्दानी अनुपात | अनुपात | ६७.७१ | – | – | – | – |
| ५. | शेयर पूँजीमा लाभांश (बोनस सहित) | प्रतिशत | – | – | – | – | – |
| ६. | शेयर पूँजीमा नगद लाभांश भुक्तानी | प्रतिशत | – | – | – | – | – |
| ७. | ब्याज आम्दानी/कर्जा तथा सापट | प्रतिशत | १२% | १७.१३% | ०.११ | – | – |
| ८. | कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिशत | ४९% | ४७.९९% | ४५.३६ | ८२.०८ | – |
| ९. | कुल निक्षेप तथा सापटीमा ब्याज खर्च | प्रतिशत | ७% | ९.६९% | ६.२४ | – | – |
| १०. | सटही घटबढ आम्दानी/कुल आम्दानी | प्रतिशत | – | – | – | – | – |
| ११. | कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | १२% | ६.४०% | ७.७६ | – | – |
| १२. | खुद नाफा/कर्जा सापट | प्रतिशत | २% | १.९५% | १.८० | – | – |
| १३. | खुद नाफा/कुल सम्पत्ति | अनुपात | २% | १.८३% | १.७० | -०.३९ | – |
| १४. | कुल कर्जा/निक्षेप | प्रतिशत | ३५६% | २६९.७१% | २८१.०० | – | – |
| १५. | कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | ५% | ८.६३% | ६.७४ | ०.४१ | – |
| १६. | जोखिम भारित सम्पत्तिमा पूँजीकोषको पर्याप्तता | प्रतिशत | | | | | – |
| | (क) प्राथमिक पूँजी | प्रतिशत | ७.१४% | ८.५३% | ९.११ | – | – |
| | (ख) पूरक पूँजी | प्रतिशत | १.२५% | २.३३% | ०.९८ | – | – |
| | (ग) कुल पूँजी कोष | प्रतिशत | ८.३९% | १०.८६% | १०.०९ | – | – |
| १७. | तरलता (CRR) | प्रतिशत | ०.४९% | ०.५१% | ०.५१ | – | – |
| १८. | निष्क्रिय कर्जा/कुल कर्जा | अनुपात | १.७१ | ०.७८ | ०.६७ | – | – |
| १९. | भारित औसत ब्याजदर अन्तर | प्रतिशत | ५% | ४.४४% | ३.९२ | – | – |
| २०. | बुक नेटवर्थ | रु.हजारमा | २९७,३३९ | १८७,८९४ | १५५,२९२ | ३९,३७० | – |
| २१. | कुल शेयर | संख्या | १,०००,००० | ६००,००० | ६००,००० | ३९५,२३६ | – |
| २२. | कुल कर्मचारी | संख्या | २८७ | २४१ | २१५ | २ | – |
| २३. | प्रति शेयर खुद सम्पत्ति | रु. | २९७.३४ | ३१३.१६ | २५८.८१९७७०६ | ९९.६१११८६७९ | – |

अनुसूची ४.२६

# महिला लघुवित्त वित्तिय संस्था लिमिटेड

## आर्थिक वर्ष २०७७/७८ को आर्थिक विवरणसंग लेखा सम्बन्धि महत्वपूर्ण नीतिहरू

**१. साधारण जानकारी :**

महिला लघुवित्त वित्तिय संस्था लिमिटेड नेपाल राष्ट्र बैंकबाट "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" र "कम्पनी ऐन, २०६३" बमोजिम सीमित दायित्व भएको राष्ट्रिय स्तरको "घ" वर्गको लघुवित्त वित्तिय संस्थाको रुपमा स्थापना भएको हो । संस्थाले मिति २०७५।०६।२२ गते वित्तिय कारोबार गर्न राष्ट्र बैंकबाट ईज्जाजत प्राप्त गरेको हो । यस लघुवित्त वित्तिय संस्थाले न्यून आय भएका वा विपन्न वर्गका लक्षित ग्राहक सदस्यहरुलाई लघुवित्त कार्यक्रम मार्फत लघुकर्जा प्रवाह गर्दै आएको छ । यस लघुवित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालय बनेपा नगरपालिका वडा नं. १३, सागा, काभ्रेमा रहेको छ ।

**२. लेखा सम्बन्धी अवधारणा :**

प्रस्तुत वित्तीय विवरणहरु नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन तथा सो बैंकबाट समय-समयमा जारी भएका परिपत्रहरु तथा उक्त परिपत्रमा उल्लेख गरिए बमोजिमको ढाँचामा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को आधारमा तयार गरिएको छ ।

**३. वित्तीय विवरण तयारीको आधार :**

यस वित्तीय विवरणहरु ऐतिहासिक लागत पद्धतीको आधारमा तयार गरीएको छ। लेखाको सर्वमान्य सिद्धान्त बमोजिम वित्तीय विवरणहरु तयार गर्दा आलोचनात्मक लेखा अनुमानहरु गरिन्छन । साथै लेखानीति लागू गर्ने क्रममा विवेक समेत प्रयोग गरिएको हुन्छ । यी वित्तीय विवरण नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार पारिएको छ । यी वित्तीय विवरणहरुलाई लघुवित्त संस्थाको अविछिन्न निरन्तरताको आधारमा तयार गरिएको छ। अन्यथा, उल्लेख गरिएको अवस्थामा बाहेक प्रोदभावि लेखाङ्कनको आधारमा तयार गरिएको छ ।

**४. लेखा नीतिहरूको साराशं :**

वित्तीय विवरणहरु ऐतिहासिक लागतको आधारमा तयार गरिएको छ र नेपाली रुपैया (ने.रु.) मा देखाइएको छ। नेपाल लेखा मापदण्डहरु तथा लेखाका सर्वमान्य सिद्धान्तहरु अनुरुप वित्तीय विवरणहरु तयार गर्दा अन्यथा उल्लेख गरिएकोमा बाहेक हरेक बर्षको लेखानीतिमा एकरुपता रहेको छ ।

**५. आम्दानी तथा खर्चको लेखाङ्कन विधिहरू :**

**ब्याज आम्दानी :**

क) कर्जाको ब्याज आम्दानी नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार नगद प्राप्तिको आधारमा लेखाङ्कन गर्ने नीति रहेको छ, जुन नेपाल लेखामान १८ बमोजिम छैन ।

ख) लगानीमा तथा बैंक मौज्दातमा पाकेको ब्याज आम्दानी प्रोदभावि आधारमा लेखाङ्कन गर्ने नीति रहेको छ ।

**ब्याज खर्च :**

निक्षेप दायित्व तथा लिईएको ऋण सापटीमा तिर्नुपर्ने ब्याज रकम प्रोदभावि आधारमा लेखाङ्कन गर्ने नीति रहेको छ ।

**अन्य आम्दानी तथा खर्चहरू :**

क) ग्राहक सदस्यहरुबाट प्राप्त गर्ने सेवा शुल्क र अन्य शुल्कहरुका साथै लिईएको ऋण सापटीमा लाग्ने सेवा शुल्क र अन्य शुल्कहरुलाई कारोवार गर्दा कै बखतमा आम्दानी वा खर्चमा लेखाङ्कन गर्ने नीति रहेको छ ।

ख) अरु सबै आम्दानी र खर्चहरु प्रोदभावि आधारमा लेखाङ्कन गर्ने नीति रहेको छ ।

**६. पूँजीकृत नगरिने सम्पत्तिहरू :**
प्रति इकाई रु.५,०००/- मूल्यसम्म लागत पर्ने सम्पत्तिहरुलाई खरिद गर्दाको समयमा नै खर्चको रुपमा लेखाङ्कन गर्ने पद्दती अवलम्बन गर्ने नीति रहेको छ ।

**७. कर्जा नोक्सानी व्यवस्था :**
नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कर्जाको वर्गिकरण तथा न्यूनतम संभावित नोक्सानी व्यवस्थाको लागि खर्च लेखी व्यबस्था हिसावमा लेखाङ्कन गर्ने गरिएको छ ।

**८. कर्जा लगानी :**
यस शीर्षकमा नेपाल राष्ट्र बैकले लघुवित्त संस्थाहरुलाई तोकिएको सीमा भित्र रहेर ग्राहक सदस्यहरुलाई प्रदान गरिने कर्जाहरु रहेका छन् । कर्जा सापटको वर्गीकरण नेपाल राष्ट्र बैकको निर्देशनको अधिनमा रही गरिएको छ । उपरोक्त कर्जा सापट रकमबाट कर्जा नोक्सानी व्यबस्था घटाई खूद रकममात्र वासलातमा देखाइएको छ ।

**९. खराव कर्जाको अपलेखन :**
यस लघुवित्त वित्तिय संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार खराब कर्जाले भाखा नाघेको मितिले पाँचवर्ष व्यतित भएमा अपलेखन गर्ने नीति रहेको छ । कर्जाको अपलेखन गर्दा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कर्जाको अपलेखनलाई नाफा/नोक्सान हिसावमा खर्च लेखि उक्त कर्जा वापतको नोक्सानी व्यवस्थालाई कर्जा नोक्सानी व्यवस्थाबाट फिर्ताको रुपमा नाफा/नोक्सान हिसावमा आम्दानीको रुपमा लेखाङ्कन गर्ने नीति रहेको छ ।

**१०. गैर बैंकिङ्ग सम्पत्ति :**
क) गैर बैंकिङ्ग सम्पत्ति र गैर बैंकिङ्ग सम्पत्तिको नोक्सानी व्यवस्थाको लेखाङकन र मुल्याङकन नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार गर्ने नीति रहेको छ ।
ख) राष्ट्र बैंकको निर्देशन बमोजिम गैर बैंकिङ्ग सम्पत्तिलाई सम्बन्धित ऋणीबाट असुली हुन बाँकी साँवा वा उक्त सम्पत्तिको बजार मूल्य मध्ये जुन कम हुन्छ सोही रकम बराबर लेखाङ्कन गर्ने नीति रहेको छ ।

**११. लगानी :**
लघुवित्त वित्तिय संस्थाले संस्थाबाट गरिने लगानीको मूल्याङकन एकीकृत निर्देशनको ई. प्रा. निर्देशन ४ मा भएको व्यवस्था अनेसार हुने नीति रहेको छ । यस निर्देशन अनुसार लगानीको लेखाङकन लागत मूल्य र बजार मूल्य जुन कम छ त्यसमा गर्नु पर्ने छ । यस लघुवित्त वित्तयि संस्थाले हाल कुनै पनि कम्पनीको शेयर तथा डिबेन्चरमा लगानी गरेको छैन ।

**१२. स्थिर सम्पत्ति :**
स्थिर सम्पत्ति अन्तर्गत सो सम्पत्तिको परल मुल्यबाट ह्रास रकम घटाई बाँकी रहेको खुद रकम देखाइएको छ । सम्पत्तिको परल मुल्यमा सम्पतिको खरिद मुल्यको साथै सो सम्पत्ति खरिद गर्दा लागेका अन्य प्रत्यक्ष खर्चहरु पनि समावेश गर्ने गरिएको छ ।

**१३. ह्रासकट्टी**
क) स्थिर सम्पत्तीको ह्रासकट्टी घट्दो दर प्रणाली अनुसार आयकर ऐन २०५८ मा भएको व्यबस्था बमोजिम ह्रासकट्टी खर्च लेख्ने गरिएको छ । सम्पत्तिहरुको शीर्षक अनुसार निम्न बमोजिम सम्पतिहरुको ह्रासकट्टी दर तथा आयु निर्धारण गर्ने नीति रहेको छ ।

| क्र. सं. | सम्पत्तिहरूको शीर्षक | ह्रासकट्टी दर/सम्पत्तिको आयु |
|---|---|---|
| १ | भवन | ५% |
| २ | सवारी साधन | २०% |
| ३ | फर्निचर तथा फिक्स्चर | २५% |
| ४ | कम्प्युटर तथा कार्यालय उपकरण | २५% |
| ५ | सफ्टवेयर | ५ बर्ष |

ख) चालू आर्थिक वर्षमा खरीद गरि प्रयोगमा ल्याइएका स्थिर सम्पत्तिको ह्रासकट्टी आयकर ऐनको व्यवस्था बमोजिम पौषसम्मको खरीद सम्पत्ति खरिदमा उल्लेखित दरको शतप्रतिशत, माघ देखि चैत सम्ममको खरीदमा उल्लेखित दरको ६६।६६ प्रतिशत, चैत देखि आषाढ मसान्त सम्मको खरीदमा ३३।३३ प्रतिशत खर्च लेख्ने नीति रहेको छ ।

ग) रु. ५,००० भन्दा कम मुल्यमा खरीद गरिएका सामानहरुलाई खरीद गरेको वर्षमा पुरै रकम खर्च लेख्ने गरिएको छ ।

**१४. सफ्टवेयर :**

सफ्टवेयर लाइसेन्स खरिद गर्दा र सफ्टवेयर विकास गर्दा लागेको रकम पूँजीकृत गरिन्छ र उक्त रकमलाई खरिद गरिएको वा विकास गरिएको मितिले ५ वर्ष सम्मको अनुमानित उपयोगी अवधिमा अपलेखन गर्ने नीति रहेको छ ।

**१५. कर्मचारी बोनसको व्यवस्था :**

संस्थाले बोनस ऐन २०३० को दफा ५(१) अनुसार खुद मुनाफामा १०५ को दरले हउन आउने रकम कर्मचारी बोनस व्यवस्थाको लागी छुट्याएको छ ।

**१६. कर्मचारी उपदान कोष :**

हरेक वर्षको आषाढ मसान्तमा, कर्मचारी सेवा नियमावली बमोजिम कर्मचारी सेवा अवधिको आधारमा सिर्जना भएको दायित्व रकम एक्रुरल आधारमा व्यबस्था गरेर नाफा नोक्सान हिसावमा खर्च लेखाङकन गरिएको छ ।

**१७. कर्मचारी संचित विदाः**

आर्थिक वर्षको अन्त्यमा सम्पूर्ण कर्मचारीको सञ्चित बिदा (घर विदा र विरामी विदा) सिर्जना भएको दायित्वको आधारमा गणना गरि व्यवस्था गरेर नाफा नोक्सान हिसावमा खर्च लेखाङकन गरिएको छ ।

**१८. आयकर व्यवस्था :**

संस्थाको आयकर सम्बन्धी व्यवस्था आयकर ऐन, २०५८ अनुसार हूने नीति रहेको छ । आयकर ऐन, २०५८ अनुसार कुल कर योग्य आयमा त्यस वर्षको कर हिसाब गरी आयकरका लागि व्यवस्था गर्ने नीति रहेको छ । यदि आयकर व्यवस्था अधिक वा कमी भएमा, कर निर्धारण भएपछि नाफा नोक्सान हिसाबमा समायोजन गर्ने नीति रहेको छ ।

**१९. मसलन्द सम्वन्धि व्यबस्था :**

खरीद तथा छपाई मसलन्दलाई स्टोर दाखिला गरी मसलन्द हिसाबमा राखी निकासा तथा खर्च गर्ने गरिएको छ । साथै मसलन्द निकासा गर्दा साधारणतया पहिले खरीद भएको सामान पहिले निकासा गर्ने गरिएको छ ।

**२०. ब्याज गणना गर्ने विधि :**

निक्षेप तथा सापटीमा ब्याज खर्च, कर्जा तथा लगानीमा हुने ब्याज आम्दानीलाई वर्षको ३६५ दिनको आधारमा गणना गरिएको छ । निक्षेपमा दैनिक मौजदातमा ब्याज गणना गरिएको छ ।

**२१. स्थगन कर :**

सम्पत्ति तथा दायित्व विधिबाट स्थगन आयकरको गणना गरिएको छ । स्थगन आयकर सम्पत्ति तथा दायित्वहरूको कर प्रयोजन तथा वित्तीय विवरणमा भएको लेखाङ्कन विधिमा देखिएको फरकका कारणले पर्न गएको अस्थायी फरकबाट भविष्यको नाफामा पर्ने असरहरूको परिणाम स्वरुप आएका छन् ।

**२२. सम्भावित दायित्वहरू :**

आकस्मिक प्रकृतिको कुनै दायित्वहरु प्रकट हुने निश्चय भएमा सो बापत नाफा नोक्सान हिसाब खातामा व्यवस्था गर्ने गरिएको छ । तर, संस्थाको सम्भावित दायित्वहरु नरहेको हुदा, भविष्यमा दायित्व सिर्जना हुने सम्भावना रहेको छैन ।

अनुसूची ४.२७

# महिला लघुवित्त वित्तीय संस्था लिमिटेड
## लेखा सम्बन्धी टिप्पणीहरू
### आर्थिक वर्ष १ साउन, २०७७ देखि ३१ आषाढ, २०७८ सम्म

**१. जारी तथा चुक्ता पूँजी :**

महिला लघुवित्त वित्तिय संस्था लिमिटेडले रु.१०० दरका १,०००,००० कित्ता शेयर जारी गरेको छ। संस्थाको हालको चुक्ता पूँजी रु.१००,०००,००० रहेको छ। सो कुल चुक्ता पूँजीमा संस्थापक शेयरधनीहरु ६० प्रतिशत र सर्वसाधरणको ४० प्रतिशत स्वामित्व रहेको छ। संस्थाले आर्थिक वर्ष २०७७।७८ को लागि ४७.५ प्रतिशतले हुने रकम रु ४७,५००,०००। बोनश लाभंश प्रस्ताव गरेको छ।

**२. ऋण सापटी हिसाबः**

यस लघुवित्त वित्तिय संस्थाले संस्थागत जमानत तथा चल, अचल सम्पत्तिको धितोमा लिएको तिर्न बाँकी ऋण सापटी रु. २,२४६,३९१,७३५ रहेको छ।

**३. जगेडा कोषः**

**३.१ संचित नाफा नोक्सान**

संस्थाले नाफा नोक्सान बाँडफाड हिसाबमा गत वर्ष साधारण जगेडा कोषको रकम रु ४,८४७,२२४ संचित नाफा नोक्सानमा रकमान्तर भएको, यस आर्थिक बर्ष सो मिलाइएको छ। साथै गत वर्ष संचित नाफा नोक्सान हिसावमा समावेस भएको स्थगन कर सम्पत्ति बापतको रकम रु १,९७८,७१५ लाई स्थगन कर जगेडा कोषमा रकमन्तार गरिएको छ।

| विवरण | रकम |
|---|---|
| गत बर्षसम्मको सञ्चित मुनाफा | ९३,५४०,५९९ |
| **समायोजन** | |
| पूँजीगत जगेडा कोष समायोजन | (४,८४७,२२४) |
| स्थगन कर कोष समायोजन | (१,९७८,७१५) |
| **समायोजित सञ्चित मुनाफा** | ८६,७१४,६६० |
| यस बर्षको मुनाफा | ७१,९२५,३३२ |
| साधारण जगेडा कोष | (२९,३८५,०६६) |
| संस्था विकास कोष | (३५९,६२७) |
| कर्मचारी सम्बन्धी जगेडाहरु | (३५९,६२७) |
| प्रस्तावित नगद लाभांश (कर प्रयोजनको लागी) | (२,५००,०००) |
| प्रस्तावित बोनस शेयर | (४७,०००,०००) |
| स्थगन कर कोष | (३,५०६,००३) |
| ग्राहक संरक्षण कोष | (८,२१९,२५३) |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | (७१९,२५३) |
| **यस बर्षसम्मको सञ्चित मुनाफा** | ६६,०९१,१६३ |

**३.२ साधारण जगेडा कोषः**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४४ बमोजिम वित्तिय संस्थाले आर्जन गरेको कर पछिको नाफाबाट २० प्रतिशत रकम चुक्ता पूँजीको दोब्बर नहुन्जेलसम्म साधारण जगेडा कोषमा रकमान्तर गर्दै जानुपर्छ। यस वर्ष लघुवित्त वित्तिय संस्थाले रु. १४,३८५,०६६ साधारण जगेडा कोषमा रकमान्तर गरिएको छ। साथै २० प्रतिशत भन्दा बढी लाभांस प्रस्ताव भएमा ५० प्रतिशत रकम साधारण जगेडा कोषमा रकमान्तर गर्नुपर्दछ। यस वर्ष लघुवित्त वित्तिय संस्थाले प्रस्तावित लाभांस वापत रु. १५,०००,००० साधारण जगेडा कोषमा रकमान्तर गरिएको छ।

### ३.३ ग्राहक संरक्षण कोषः

नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको निर्देशन २०७७ बमोजिम ग्राहकहरुको हित तथा संस्थागत विकासमा खर्च गर्ने गरी खुद मुनाफाको १ प्रतिशतले हुन आउने रकम रु ७१९,२५३ ग्राहक संरक्षण कोषमा रकमान्तर गरिएको छ। २०७८ आषाढ मसान्तमा कोषमा भएको बांकी रकम रु २६,८४५,३२२ र यस वर्षको थप रकम रु ७१९,२५३ र २० प्रतिशत भन्दा बडी लाभांस प्रस्ताव भएकोमा २५ प्रतिशत रकम रु ७,५००,००० गरी ग्राहक संरक्षण कोषमा जम्मा रु. ३५,०६४,५७५ रकम रहेको छ।

| विवरण | खर्च रू. | आम्दानी रू. |
|---|---|---|
| ब्याज आम्दानी (From Earmarked Amount) | – | १,४५३,४०८ |
| पासबङ्क आम्दानी NRB को निर्देशन बमोजिम | – | ४०८,९९० |
| Centerchief workshop | ९९१,७३८ | – |
| सदस्यको मृत्यञ वापत सूविधा प्रदान | २०,५०० | – |
| सदस्यको पतिको मृत्यू वापत सूविधा प्रदान | २४,५०० | – |
| मृत्यू भएका सदस्यको कर्जा मिनाहा | ५९,७०७ | – |
| सदस्यलाई सूत्केरी सूविधा प्रदान | ५९४,००० | – |
| सदस्यलाई Sanitizer & shop वितरण | ४१,०७५ | – |
| Covid 19 संक्रमित सदस्यलाई सहयोग (५२ जना) | ५२,००० | – |
| सदस्यलाई घर आगोलागी वापत सूविधा | २,००० | – |
| **जम्मा** | १,७८५,५२० | १,८६२,३९८ |

### ३.४ संस्थागत सामाजिक उत्तरदायित्व कोषः

नेपाल राष्ट्र बैंकबाट “घ” वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको निर्देशन २०७७ बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धी कार्यमा खर्च गर्ने गरी खुद मुनाफाको १ प्रतिशतले हुन आउने रकम रु ७१९,२५३ संस्थागत सामाजिक उत्तरदायित्व कोषमा रकमान्तर गरिएको छ।

### ३.५ स्थगन कर जगेडा कोष

संस्थाले लेखामान अनुशार संचित नाफामा भएको स्थगन कर बापतको रकम रु. १,९७८,७१५ लाई स्थगन कर जगेडा कोषमा रकमान्तर गरिएको छ। २०७८ आषाढ मसान्तमा कोषमा भएको बांकी रकम १,९७८,७१५ र यस वर्षको थप रकम रु ३,५०६,००३ गरी स्थगन कर जगेडा कोषमा रु. ५,४८४,७१९ रकम रहेको छ।

### ३.६ अन्य जगेडा कोष

संस्थाले आफ्नो कर्मचारीलाई कोराना महामारीमा संक्रमण भएमा राहतको व्यवस्था गर्नका लागि एक कल्याणकारी कोष खडा गरिएको छ। कोषमा खुद मुनाफाको ०.५ प्रतिशतले हुन आउने रकम रु ३५९,६२७ रकमान्तर गरिएको छ।

### ३.७ प्रस्तावित शेयर तथा नगद लाभांश

संस्थाले यस आर्थिक वर्ष ४७.५० प्रतिशत बोनश शेयर वापत रु.४७,५००,०००। तथा कर प्रयोजनका लागि २.५० प्रतिशत नगद लाभांश रकम रु २,५००,००० गरी कुल ५० प्रतिशत लाभाशं प्रस्ताव गरेको छ।

## ५. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात

संस्थाले CRR को लागि व्यवस्था गरेको माछापुच्छ्रे बैंकमा रहेको मौज्दातलाई गत वर्ष नेपाल राष्ट्र बैंकमा रहेको मौज्दातमा राखिएको थियो। यस वर्ष CRR को लागि व्यवस्था गरेको रकम रु. १५,४२२,७१३ लाई बैंक/वित्तीय संस्थामा रहेको मौज्दातमा रकमान्तर गरिएको छ। साथै संस्थाको Call खातामा रहेको रकम रु. १७१,५८७,८१२ लाई माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा रकमान्तर गरिएको छ।

## ६. कर्मचारी बोनस :

कर्मचारी बोनस व्यवस्था वापत सम्पूर्ण कारोवार समावेश पछिको खूद मूनाफामा १०% को दरले हुन आउने रकम रु. ११,१६२,२४१ व्यवस्था गरिएको छ।

## ७. उपदान तथा विदा बापत ब्यबस्था

क) साउन ०१, २०७७ देखि आषाढ मसान्त २०७८ सम्म संस्थाको कर्मचारी नियमवलीमा उल्लेखित सेवा अवधिको आधारमा सिर्जना भएको दायित्व रु. ३२०,८१५ रकम थप गरी आषाढ मसान्तसम्म जम्मा रु १,४३९,३३५ रकम व्यवस्था भएको छ ।

ख) २०७८ आषाढ मसान्तसम्मको संचित विदा प्रोदभावी आधारमा रु ८,५०७,१२५ विदा भुक्तानी वापत व्यवस्था गरिएको छ ।

## ८. स्थगन कर :

स्थगन कर सम्पत्ति तथा दायित्व आयकर सम्बन्धी नेपाल लेखामान ९ अनुसार गणना गरिएको छ । उक्त गणना यसप्रकार रहेको छ ।

(अंकहरु रकममा)

| विवरण | कीतावी आधार | कर आधार | अस्थाई फरक | फरक ३१ आषाढ २०७८ मा |
|---|---|---|---|---|
| कर्मचारी उपदान खर्चको व्यवस्था | १,४३९,३३५ | - | १,४३९,३३५ | १,४३९,३३५ |
| ह्रास कट्टी | १०,८७०,१७१ | ११,६५८,८१६.६२ | ७८८,६४५ | ७८८,६४५ |
| कर्मचारी औषधी व्यवस्था | ७,५४७,२८९ | - | ७,५४७,२८९ | ७,५४७,२८९ |
| कर्मचारी बिदा खर्चको व्यवस्था | ८,५०७,१२५ | - | ८,५०७,१२५ | ८,५०७,१२५ |
| खुद अस्थाई फरक | | | | १८,२८२,३९५ |
| स्थगन कर सम्पत्ति (३० प्रतिशतका दरले) | | | | ५,४८४,७१९ |
| गतवर्ष सम्मको स्थगन कर सम्पत्ति | | | | १,९७८,७१५ |
| **यस वर्षको स्थगन कर आय/(खर्च)** | | | | ३,५०६,००३ |

स्थगन कर सम्पत्तिमा बढेको रकम नाफा नोक्सान हिसाबमा स्थगन कर आम्दानीमा लेखिएको छ ।

## ९. निक्षेप दायित्वः

संस्थाले गत वर्ष अनुसूचिमा निक्षेप दायित्व व्यक्तिगत तथा संस्थागत आधारमा वर्गीकरण गरिएको थियो । हाल नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशिका २०७७ अनुसार वर्गीकरण गरिएको छ ।

## १०. कर दायित्वः

| विवरण | रकम (रू.) |
|---|---|
| यस वर्षको कुल कर दायित्व | ३२,०४०,८४० |
| न्युनः अग्रिम कर | (३४,५०२,७८४) |
| **खुद कर दायित्व/(अग्रिम)** | (२,४६१,९४४) |

## ११. प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापनलाई भुक्तानीः

तलब, भत्ता तथा अन्य सुविधा वापत प्रमुख कार्यकारी अधिकृतलाई रु.१,८१९,७२०।, व्यवस्थापन तहका कर्मचारीहरुलाई रु.४,३९६,६०२ भुक्तानी गरिएको छ । साथै प्रचलित नियम अनुसार कर्मचारी बोनस प्रदान गरिएको छ ।

## १२. सम्बन्धित पक्ष सम्बन्धि विवरणः

क) यस लघुवित्त वित्तिय संस्थाको तल उल्लिखित गरिएको बाहेक अन्य सम्बन्धित पक्षसँग कारोवार रहेको छैन ।

| कारोबार | माछापुच्छ्रे बैंक |
|---|---|
| **आ.व.** | **२०७७।७८** |
| कर्जा सापट | १२२,२८४,३८५ |
| व्याज भुक्तानी | ८,८८४,४९२ |

माथि उल्लिखित बैंक तथा वित्तिय संस्थामा यस लघुवित्तको बैंक खाता पनि सञ्चालनमा रहेको छ ।

अन्य सम्बन्धित पक्षसँगको कारोबार निम्न बमोजिम रहेको छ ।

| कारोबार | रकम |
|---|---|
| कार्यकारी प्रमुखको तलब र भत्ताको भुक्तानि | १,८१९,७२० |
| संचालक समितीको बैठक भत्ताको भुक्तानि | १९६,५०० |

ख) यस लघुवित्त वित्तिय संस्थाका प्रमुख व्यवस्थापकीय पदाधिकारीहरुसँग कुनै पनि लिनुपर्ने तथा दिनुपर्ने रकम बाँकी छैन र उक्त व्यक्तिहरु तथा तिनका नातेदारहरुबाट संस्थालाई कुनै हानी नोक्सानी भए वापत कुनै नोक्सानी व्यवस्था गर्न परेको छैन ।

## १३. कर्जा लगानी, कर्जा असुली तथा कर्जा र ब्याजको अपलेखन सम्बन्धी विवरण:

| विवरण | कर्जा रकम रू. मा |
|---|---|
| शुरु मौज्दात | १,७८१,५७८,०५१ |
| यस अवधिमा लगानी | ५,२३६,४१५,१६० |
| यस अवधिमा असुली | (३,५७९,३७७,०६२) |
| यस अवधिमा अपलेखन | - |
| **२०७८ आषाढ मसान्तको मौज्दात** | ३,४३८,६१६,१४९ |

## १४. कर्जाको ब्याज सम्बन्धि :

नेपाल राष्ट्र बैंकको निर्देशन अनुशार कर्जाको ब्याज १५ प्रतिशत कायम गर्नुपर्ने व्यवस्था अनुशार नै कायम गरिएको छ ।

## १५. अन्तरशाखा हिसाव मिलान विवरण :

यस लघुवित्त वित्तिय संस्थाको अन्तर शाखा हिसाबको मौज्दात रु. शुन्य रहेको छ ।

## १६. गैर बैंकिङ्ग सम्पत्ति :

लघुवित्त वित्तिय संस्थाले हालसम्म कुनै गैर बैंकिङ्ग सम्पत्ति प्राप्ति गरेको छैन ।

## १७. भारित औसत ब्याजदर अन्तर विवरण:

| | |
|---|---|
| बार्षिक औसत निक्षेप | ७८७,०५७,९४० |
| निक्षेपमा ब्याज खर्च रु. | ५२,६००,३४७ |
| निक्षेपमा औसत ब्याज दर | ६.६८% |
| बार्षिक औसत तिर्न बाँकी कर्जा सापट रु. | १,७०४,००९,८५० |
| तिर्न बाँकी कर्जा सापटमा ब्याज खर्च रु. | १०८,१४९,८१८ |
| तिर्न बाँकी कर्जा सापटीमा औषत व्याजदर | ६.३५% |
| निक्षेप तथा सापटीमा औसत व्याजदर | ६.४५% |
| बार्षिक औसत कर्जा सापट रु. | २,७०८,०२८,९७९ |
| कर्जा सापटबाट ब्याज आम्दानी (पा.प. व्याज समेत) रु. | ४,०३,७८०,७६१ |
| कर्जा सापटको औषत ब्याज दर | १४.९१% |
| औसत व्याजदरको अन्तर | ८.४६% |

## १८. लिजहोल्ड सम्पत्ति :

लघुवित्त वित्तिय संस्थाको लिजहोल्ड सम्पत्ति रहेको छैन ।

## १९. शेयर पुँजीमा लगानी

यस लघुवित्त वित्तिय संस्थाको २०७८ आषाढ मसान्त सम्ममा कुनै पनि संस्थामा लगानी रहेको छैन ।

## २०. कर्जाको केन्द्रिकरण :

यस लघुवित्त वित्तिय संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको सामूहिक जमानीको कर्जा सीमा भित्र रही कर्जा प्रदान गर्ने गरेको छ । यस आर्थिक वर्षको कर्जा रकम अन्तर्गतको कर्जा लगानी निम्न अनुसार रहेको छ ।

| कर्जा | बाँकी रकम | प्रतिशत (%) |
|---|---|---|
| धितो कर्जा | ४८९,२६०,३८६ | १४% |
| आकस्मीक कर्जा | ८२१,१८६ | ०% |
| साधारण कर्जा | १,०१७,०२३,८२२ | ३०% |
| व्यक्तिगत कर्जा | १३६,०४१,२७६ | ४% |
| लद्यु कर्जा | १,५४४,३८७,१३५ | ४५% |
| मातृत्व कर्जा | १८,९९४,८६४ | १% |
| व्यवसाय पुर्नस्थापना कर्जा | २८,३६३,१३० | १% |
| मौसमी कर्जा | २०३,७२४,३५० | ६% |
| **जम्मा** | ३,४३८,६१६,१४९ | १००% |

## २१. कर्जा नोक्सानी व्यवस्था :

कोरोना भाइरसको संक्रमणको कारण बैंक तथा बित्तिय संस्थामा पर्न सक्ने प्रभावलाई मध्यनजर गर्दै नेपाल राष्ट्र बैंकको निर्देशनको निर्देशन नं.२ को उपबुँदा (अ) बमोजिम असल वर्गमा वर्गीकरण भएको कर्जाको हकमा १ प्रतिशत अतिरित्त ०.३ प्रतिशत थप गरी १.३ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेमा सोही अनूरुप कर्जा नोक्सानी व्यवस्था कायम गरिएको छ ।

| विवरण | रकम रू. |
|---|---|
| शुरु मौज्दात | ४३,३१५,२७५ |
| यस अवधिको थप | १५२,३६९,३२० |
| यस अवधिमा आम्दानी देखाईएको | ६०,१६०,८२२ |
| कर्जा अपलेखन | - |
| **२०७८ आषाढ मसान्तको रकम** | १३५,५२३,७७३ |

## २२. कर्जा सम्बन्धि थप विवरण

इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाको वार्षिक साधरण सभा प्रयोजनको लागि वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धी कार्यविधि, २०७७ (प्रथम संशोधन) को वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने सम्बन्धी खण्डको बुदा नं १६ बमोजिम उल्लेख गर्नु पर्ने विवरण ।

| Particulars | As of Asadh end 2078 | |
|---|---|---|
| | No of Customers | Amount(NRs) |
| Accrued Interest Received after Asadh end 2078 till 15 Bhadra 2078 | NA | Microfinance has not availed such facility |
| Additional 0.3% Loan Loss Provision created in Pass Loan Portfolio | 41863 | 9,118,152 |
| Extension of moratorium Loan with 5% Loan Loss Provision | NA | No such loan |
| Enhancement of Working Capital Loan by 20% to COVID affected borrowers | NA | No such loan |
| Enhancement of Term Loan by 10% to COVID affected borrowers | NA | No such loan |
| Expiry Date if additional 20% working capital Loan extended for upto 1 year with 5% provisioning. | NA | No such loan |
| Time Extension provided for repayment of principal and Interest for upto two years as per Clause 41 of NRB Directive 2 | NA | No such loan |

| Particulars | As of Asadh end 2078 | |
|---|---|---|
| | No of Customers | Amount(NRs) |
| Refinance Loan | NA | No refinancing has been done |
| Business Continuity Loan | 901 | 28,363,130 |

| Particulars | As of Asadh end 2078 | |
|---|---|---|
| | No of Customers | Amount(NRs) |
| Subsidized Loan | NA | No any subsidy loan has been provided |

**२३. खर्चको अपलेखन :**

यस लघुवित्त वित्तिय संस्थाको यस वर्ष अपलेखन गर्न बाँकी कुनै पनि खर्च नरहेको पाइयो ।

**२४. पूँजी पर्याप्तता :**

यस लघुवित्त वित्तिय संस्थाले नेपाल राष्ट्र बैंकको न्यूनतम पूँजीकोष सम्बन्धी निर्देशनको पालना गरेको छ ।

**२५. शेयर वापत प्राप्त हुने बाँकी रकम**

यस लघुवित्त वित्तीय संस्थाको वर्षान्तसम्म शेयर वापत प्राप्त हुन बाँकी रकम छैन ।

**२६. रकम पूर्णाङ्कित :**

सबै रकमहरु नजिकको रुपैयासँग पूर्णाङ्कित गरिएको छ ।

महिला लघुवित्त वित्तीय संस्था लिमिटेड

# संस्थापक/ संस्थापक समूहका शेयरधनीले आफनो स्वामित्वमा रहेको शेयर अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिएको विवरण

अनुसूची ४.२८

| क्र.सं. | संस्थापक/संस्थापक समूह अन्तर्गत पर्ने शेयरधनीको नाम | संस्थापकको स्वामित्वमा कायम रहेको शेयर | | कर्जा विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | कुल कित्ता संख्या | कुल चुक्ता पूँजीको प्रतिशत | कर्जा लिएको अन्य बैंकरवित्तीय संस्थाको नाम | कर्जा रकम | धितोमा रहेको शेयर कित्ता संख्या | |
| १ | महिला अधिकार तथा विकास केन्द्र | ५५,००० | ५.५०% | – | – | – | यस किसिमको कारोबार नभएको । |
| २ | माछापुच्छ्रे बैंक लि. | १४०,००० | १४.००% | – | – | – | |
| ३ | तुल्सी थापा | २०,००० | २.००% | – | – | – | |
| ४ | जुली कुमारी | १००,००० | १०.००% | – | – | – | |
| ५ | डा. इमानसिह गुरुङ | १४५,००० | १४.५०% | – | – | – | |
| ६ | इन्दु कार्की | २०,००० | २.००% | – | – | – | |
| ७ | लक्ष्मी चौधरी | २०,००० | २.००% | – | – | – | |
| ८ | तारा कुवर | १०,००० | १.००% | – | – | – | |
| ९ | निरु राई | ४५,००० | ४.५०% | – | – | – | |
| १० | लक्ष्मी अर्याल | ५,००० | ०.५०% | – | – | – | |
| ११ | उमा भण्डारी | ५,००० | ०.५०% | – | – | – | |
| १२ | सृजना राना | ५,००० | ०.५०% | – | – | – | |
| १३ | शान्ति गौतम | ५,००० | ०.५०% | – | – | – | |
| १४ | माया भण्डारी | ५,००० | ०.५०% | – | – | – | |
| १५ | इन्दिरा गिरी | ५,००० | ०.५०% | – | – | – | |
| १६ | शान्ता कुमारी शर्मा | ५,००० | ०.५०% | – | – | – | |
| १७ | तिल कुमारी पाण्डे | ५,००० | ०.५०% | – | – | – | |
| १८ | कृष्ण प्रसाद न्यौपाने | २,००० | ०.२०% | – | – | – | |
| १९ | तुल्सी पण्डित | २,००० | ०.२०% | – | – | – | |
| २० | बल बहादुर राना | १,००० | ०.१०% | – | – | – | |
| | **जम्मा** | ६००,००० | ६०.००% | – | – | – | |

## महिला लघुवित्त वित्तीय संस्था लिमिटेड

### चौथो त्रैमास आ.व. २०७७/७८ (मिति २०७८/०३/३१)

# लेखापरीक्षण नभएको र लेखापरीक्षण भएको वित्तीय विवरणको तुलना

अनुसूची ४.२९

रु हजारमा

| क्र.सं | विवरण | लेखा परीक्षण नभएको वित्तीय विवरण | लेखा परीक्षण भएको वित्तीय विवरण | फरक | | फरक हुनाको कारण |
|---|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत | |
| १ | **कुल पूँजी तथा दायित्व** | ३,५४६,२८३ | ३,५१५,७७६ | ३०,५०६.८३ | १% | |
| १.१ | चुक्ता पूँजी | १००,००० | १४७,५००.०० | (४७,५००.००) | -४८% | |
| १.२ | जगेडा तथा कोषहरु | २२०,८९६ | १४९,८३८.७२ | ७१,०५७.३६ | ३२% | नाफा नोक्सान हिसाबमा रहेको नाफा फरक भएको कारण सोही अनुरुप जगेडा फरक भएको । |
| १.३ | ऋणपत्र तथा बन्ड | - | - | - | | - |
| १.४ | सापटी | २,२४६,८७४ | २,२४६,३९१.७३ | ४८२.०० | ०% | ब्याज खर्चमा संशोधन भएको |
| १.५ | निक्षेप दायित्व | ९२८,०९० | ९२८,०९०.३३ | - | ०% | |
| १.६ | आयकर दायित्व | ५,६४८ | - | ५,६४७.७३ | | |
| १.७ | अन्य दायित्व | ४४,७७५ | ४३,९५५.२२ | ८१९.७४ | २% | कर्मचारी बोनस व्यवस्थामा फरक रहेको |
| २ | **कुल सम्पत्ति** | ३,५४६,२८३ | ३,३४६,६८८ | १९९,५९४.६४ | ६% | |
| २.१ | नगद तथा बैंक मौज्दात | १९३,८४४ | २२,२५७ | १७१,५८७.८१ | ८९% | सन्तुलन परिक्षण अनुसार दुरुस्त रहेको |
| २.२ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - | - | - | | |
| २.३ | लगानी | - | - | - | | |
| २.४ | कर्जा तथा सापट | ३,३३६,७८५ | ३,३०३,०९२ | ३३,६९२.५३ | १% | लेखा परीक्षण अनुसार कर्जा नोक्सानी व्यवस्थाका समायोजन गरिएको |
| २.५ | स्थिर सम्पत्ति | १०,८५१ | १०,८७० | (१९.२५) | ०% | लेखा परीक्षण अनुसार स्फटवयरमा समायोजन |
| २.६ | गैर बैंकिङ्ग सम्पत्ति | - | - | - | | |
| २.७ | अन्य सम्पत्ति | ४,८०३ | १०,४६९ | (५,६६६.४४) | -११८% | स्थगन कर आम्दामीका कारण फरक रहेको |
| ३ | **नाफा नोक्सान हिसाब** | | | - | | |
| ३.१ | ब्याज आम्दानी | ४०१,७०१ | ३९९,६०३ | २,०९७.७२ | १% | |
| ३.२ | ब्याज खर्च | (१६१,२१७) | (१६०,७५०) | (४६६.५६) | ०% | ब्याज खर्चमा संशोधन भएको |
| क | **खुद ब्याज आम्दानी** | २४०,४८४ | २३८,८५३ | १,६३१.१५ | १% | |
| ३.३ | फि, कमिशन र डिस्काउण्ट | ८४,८८७ | ८४,२४० | ६४६.८० | १% | |
| ३.४ | अन्य सञ्चालन आम्दानी | - | - | - | ०% | |
| ३.५ | सटही घटबढ आम्दानी/नोक्सान (खुद) रकम | - | - | - | | |
| ख | **कुल सञ्चालन आम्दानी** | ३२५,३७१ | ३२३,०९३ | २,२७७.९६ | १% | कर्मचारी बोनस व्यवस्थामा फरक रहेको |
| ३.६ | कर्मचारी खर्च | (९१,०४९) | (९२,६११) | १,५६२.६५ | -२% | |
| ३.७ | अन्य सञ्चालन खर्च | (२८,२१४) | (२६,६८५) | (१,५२८.९७) | ५% | |
| ग | **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन नाफा** | २०६,१०८ | २०३,७९६ | २,३११.६४ | १% | लेखा परीक्षण अनुसार कर्जा नोक्सानी व्यवस्थाका समायोजन गरिएको |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरु | (१००,०२२) | (१५२,३६९) | ५२,३४७.२६ | -५२% | |
| घ | **सञ्चालन मुनाफा** | १०६,०८५ | ५१,४२७ | ५४,६५८.८९ | ५२% | |
| ३.९ | गैर सञ्चालन आम्दानी / खर्च (खुद) | - | - | - | | CIC report अनुसार नोक्सानी व्यवस्था फिर्ता |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ४१,५०६ | ६०,१६१ | (१८,६५४.७३) | -४५% | |
| ङ | **नियमित कारोवारबाट भएको मुनाफा** | १४७,५९२ | १११,५८७ | ३६,००४.१७ | २४% | |
| ३.११ | असामान्य कारोवारहरुबाट भएको आम्दानी/खर्च | - | - | - | | |
| च | **बोनस र कर अधिको नाफा** | १४७,५९२ | १११,५८७ | ३६,००४.१७ | २४% | |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | (१४,७५९) | (११,१६२) | (३,५९६.९२) | २४% | |
| ३.१३ | आयकर व्यवस्था | (३९,८५०) | (२८,५३५) | (११,३१४.८९) | २८% | |
| छ | **खुद नाफा / (नोक्सान)** | ९२,९८३ | ७१,८९० | २१,०९२.३६ | २३% | |

नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं.: ४४१२८२३
फ्याक्स नं.: ४४१२२२४
Web site: www.nrb.org.np
Email: nrbmfpsd@nrb.org.np
पोष्ट बक्स नं.: ७३

पत्र संख्या: ल.वि.सं.सु.वि./गैरस्थलगत/महिला/०७८/७९/६६० मिति: २०७८/०७/२२

श्री महिला लघुवित्त वित्तीय संस्था लिमिटेड,
साँगा, काभ्रे ।

**विषय: आर्थिक वर्ष २०७७/७८ को वार्षिक वित्तीय विवरणहरु प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धमा ।**

महाशय,

त्यस संस्थाले पेश गरेको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, सोसँग सम्बन्धित अनुसूचीहरु, लेखापरीक्षकको प्रारम्भिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन र सो उपर व्यवस्थापनको प्रतिक्रिया, लङ्गफर्म अडिट रिपोर्ट लगायतका वित्तीय विवरणहरुको आधारमा गैरस्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरुका सम्बन्धमा प्रचलित आयकर ऐन/नियमावली तथा अन्य प्रचलित कानूनी व्यवस्था समेतको पालना गर्ने गरी देहाय बमोजिमका निर्देशनहरु शेयरधनीहरुको जानकारीका लागि वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित तथा कार्यान्वयन गर्ने गरी संस्थाले प्रस्ताव गरे अनुसार आर्थिक वर्ष २०७७/७८ सम्मको मुनाफाबाट २०७८ असार मसान्तमा कायम कुल चुक्ता पुँजी रु.१०,०००,०००।-(अक्षरेपी दश करोड मात्र) को ४७.५ प्रतिशतले हुने बोनश शेयर ४७,५००,०००।- (अक्षरेपी चार करोड पचहत्तर लाख मात्र) तथा २.५ प्रतिशतले हुने नगद लाभांश (कर प्रयोजन लागि) रु.२५,००,०००।- (अक्षरेपी पच्चीस लाख मात्र) गरी जम्मा ५० प्रतिशतले हुने रकम रु.५०,०००,०००।०० (अक्षरेपी पाँच करोड मात्र) लाभांश (बोनश र नगद) साधारण सभाबाट स्वीकृत गरे पश्चात् वितरण गर्न स्वीकृति तथा वार्षिक साधारण सभा प्रयोजनको लागि आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

१. यस बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. ३ को बुँदा नं. २(क) तथा निर्देशन नं ३ को बुँदा नं. २(ग) मा भएको व्यवस्था अनुकुल हुने गरी कर्जा प्रदान गर्ने व्यवस्था गर्नुहुन । साथै, उक्त व्यवस्थाको प्रतिकुल हुनेगरी प्रवाह भएका कर्जालाई ३० दिन भित्र नियमित गर्नुहुन ।
२. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २३ बमोजिम सञ्चालक समितिको बैठक एक आर्थिक वर्षमा कम्तीमा १२ पटक बस्नु पर्ने व्यवस्था रहेकोमा सो को अनुपालन गर्नुहुन ।
३. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७७ को निर्देशन नं. ११ को बुँदा नं. २.४ बमोजिम कर्जा सूचना केन्द्रमा संस्थाले प्रवाह गरेको सम्पूर्ण कर्जा रकम नियमित रुपमा अद्यावधिक गर्नुहुन ।
४. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७७ को निर्देशन नं.०६/०७७ को बुँदा नं.६.१(४) बमोजिम गठन भएको जोखिम व्यवस्थापन समितिको संरचना निर्देशन अनुरुप हुने गरी १५ दिनभित्र पुनर्संरचना गरी यस बैंकलाई जानकारी दिनुहुन ।
५. संस्थाको आन्तरिक लेखापरीक्षण र बाह्य लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका थप अन्य कैफियतहरू पुन: नदोहोरिने गरी सुधार गर्नु हुन ।

भवदीय,
(नविन तिमिल्सिना)
उप-निर्देशक

बोधार्थ :
१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. कार्यान्वयन इकाई, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।

## नेपाल राष्ट्र बैंकको निर्देशन उपर सञ्चालक समितिको प्रत्युत्तर

मिति २०७८/०७/२२ गतेको नेपाल राष्ट्र बैंक लघुवित्त संस्था सुपरिवेक्षण विभागको पत्र संख्या: ल.वि.स.सु.वि./गैर- स्थलगत/महिला/०७८/७९/६३० पत्रानुसार वार्षिक साधारण सभा प्रयोजनको लागि आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण प्रकाशन गर्न (चुक्ता पुँजीको ४७.५ प्रतिशत बोनस शेयर तथा कर प्रयोजनलाई २.५ प्रतिशत नगद लाभांश सहित) सहमति प्रदान गरिएकोमा नेपाल राष्ट्र बैंकलाई सञ्चालक समितिको तर्फबाट धन्यवाद प्रदान गर्दै नेपाल राष्ट्र बैंकको निर्देशन उपर सञ्चालक समितिको प्रत्युत्तर निम्न बमोजिम रहेको छ ।

(१) निर्देशन अनुसार गरिने छ ।

(२) निर्देशन अनुसार गरिने छ ।

(३) निर्देशन अनुसार गरिएको छ ।

(४) निर्देशन अनुसार गरिएको छ ।

(५) निर्देशन अनुसार गरिने छ ।

## महिला लघुवित्त वित्तीय संस्था लि.

## प्रबन्धपत्र संशोघन सम्बन्धी विवरण, २०७८

| क्र.सं. | दफा | हालको व्यवस्था | अव हुने नयाँ व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|---|
| १ | ६ | (ख) वित्तीय संस्थाको जारी पूँजी रु.१०,००,००,०००।- (अक्षरुपी दश करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००/- दरका १०,००,००० (दश लाख) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।<br><br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु.१०,००,००,०००।- (अक्षरुपी दश करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००/- दरका १०,००,००० (दश लाख) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | (ख) वित्तीय संस्थाको जारी पूँजी रु.१४,७५,००,०००।- (अक्षरुपी चौध करोड पचहत्तर लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००/- दरका १४,७५,००० (चौध लाख पचहत्तर हजार) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।<br><br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु.१४,७५,००,०००।- (अक्षरुपी चौध करोड पचहत्तर लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००/- दरका १४,७५,००० (चौध लाख पचहत्त हजार) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | बोनस शेयर जारी गरे पश्चात पूँजी वृद्धि हुने भएकोले । |

## महिला लघुवित्त वित्तीय संस्था लि.

## नियमावली संशोघन सम्बन्धी विवरण, २०७८

| क्र.सं. | दफा | हालको व्यवस्था | अव हुने नयाँ व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|---|
| १ | ३२ | (ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत प्रति बैठक भत्ता अध्यक्ष र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता अध्यक्षले रु.४,५००। (अक्षरुपी चार हजार पाँच सय मात्र) र अन्य सञ्चालक रु.३,५००। (अक्षरुपी तीन हजार पाँच सय मात्र) हुनेछ ।<br><br>(घ) व्यवस्था नभएको । | (ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत प्रति बैठक भत्ता अध्यक्षले रु.९,०००/(अक्षरुपी नौ हजार मात्र) र अन्य सञ्चालक रु.८,०००.। (अक्षरुपी आठ हजार मात्र) हुनेछ ।<br><br>(घ) अध्यक्षले पाउने मासिक इन्टरनेट तथा पत्रपत्रिका खर्च रु.१०,०००।- (अक्षरुपी दश हजार मात्र) र तथा अन्य सञ्चालकले पाउने मासिक इन्टरनेट तथा पत्रपत्रिका खर्च रु.८,०००।- (अक्षरुपी आठ हजार मात्र) हुने छ । | समय अनुकुल हुने गरी अध्यक्ष तथा सञ्चालकले पाउने सुविधा संशोधन तथा थप गर्न आवश्यक भएकोले । |

# सफल गाई पालन ब्यबसायी शान्ति भुजेलको सफलताको कथा



शान्ती भुजेल हाल काठमाडौ जिल्ला शंखरापुर नगरपालीका वडा नं.३ सिरानचौर टोलमा बसोबास गरिरहेकी छन् । उनको जन्म श्री कुल बहादुर शिब भक्त र आमा श्री सिता शिब भक्तको कोखबाट २०३९/०८/१५ सालमा भएको हो । उनको माइतीको आर्थिक अवस्था कमजोर रहेको र उनको विबाह समेत कमजोर आर्थिक अवस्था भएका काठमाडौ जिल्ला शंखरापुर नगरपालिका वडा नं. ३ भञ्ज्याङ्गका श्री देवेन्द्र भुजेलसँग मिति २०६०/०८/२८ मा सामाजिक परमपरा अनुसार सम्पन्न भयो । विबाह पश्चात दाजु भाईमा असमझदारी भएको कारण उनी र उनका श्रीमान छुट्टिनु पर्‍यो । उनिहरुलाई अंशमा जम्मा २ रोपनी जग्गा प्राप्त भयो । उनी र श्रीमानको कुनै पनि आम्दानीको श्रोत नभएकोले घर व्यवहार चलाउन साह्रै मुस्किल भयो । यस्तै दुःख र कस्टसंग उनिहरुले पारिवारिक गुजारा चलाउँदै आएका थिए । दैनिक घर व्यवहार चलाउन निकै गाह्रो भएता पनि उनको परिवारले हिम्मत भने हारेका थिएन । यसै क्रममा गाउँघरमा समुहको कुरा आउँथ्यो तर आफु कुनै पनि समुहमा नबसेको र समुहको बारेमा कुनै जानकारी पनि थिएन । मिति २०७३ मा महिला अधिकार तथा विकास केन्द्र, शाखा कार्यालय जहरसिंह पौवा (हालको महिला लघुवित्त वित्तीय संस्था) का कर्मचारी लघुवित्त कार्यक्रम विस्तारको लागि समूह बनाउन उनको गाउँमा पुगे । उनले लघुवित्त कार्यक्रमवाट सानो सानो बचत गर्न पाईने तथा विना धितो कर्जा पाईने वारेमा जानकारी लिईन् । श्रीमान् श्रीमती सल्लाह गरेर समूहमा बस्ने निर्णय लिइन । गाउँका १५ जना दिदी बहिनी मिलेर ७ दिनको समूह प्रवेश पुर्व तालिम पश्चात शाखा कार्यालय जहरसिंह पौवाबाट के.नं. ५९ गठन भयो । उक्त केन्द्रको केन्द्र प्रमुख पनि उनैलाई बनाइयो । मासिक रुपमा रु.५००। बाट बचत गर्न सुरु गरेकोमा हाल उनको खातामा जम्मा रु.२५, हजार ४ सय ५०। मैज्दात रहेको छ ।

वित्तीय संस्थावाट कर्जा लिएर कुनै व्यवसाय गर्ने सोच राखेर मिति २०७४/०४/१० रु.५० हजार कर्जा लिएर गाई एउटा गाई खरिद गरी व्यवसाय सुरु गरिन । गाई पालनबाट राम्रो आम्दानी गर्न सफल भएकोले मिति २०७५/६/२६ मा रु.५० हजार कर्जा लिई अर्को गाई खरिद गरिन । अझ उनलाई व्यवसाय विस्तार गर्ने हिम्मत बढेकोले मिति २०७६/२/७ मा ५ लाख र मिति २०७७/०६/२५ मा रु.१५ लाख कर्जा लिएर गाई पालन व्यवसाय गर्दै आएकी छन् । गाई पालन व्यवसायको आम्दानीबाटै दैनिक आधुनिक गोठ निमार्ण गरेको र रु.१० लाख ५० हजारमा २ रोपनी ३ आना जग्गा समेत खरिद गरेकी छन् । हाल निजको गोठमा ८ वटा जर्सी गाई तथा २ माउ भैसी रहेका छन् । उनको गाई फार्म शंखरापुर नगरपालीकाको १ नम्बरमा फारममा पर्न सफल भएको र बार्षिक रुपमा नगरपालिकाले पुरस्कार समेत प्रदान गर्दै आईरहेको छ । **अजिंगरको आहारा दैवले पुराउँछन्** भने झै दैनिक मेलापात र ज्यामी कामबाट कमाएको रकम जोगाएर बचत गर्न सुरु गरी महिला लघुवित्तको कर्जा सहयोगबाट दुई जना छोरा छोरीलाई बोर्डिङ्ग स्कुलमा पढाउन, २ रोपनी ३ आना जग्गा जोड्न र एउटा सफल पशुपालक किसानको रुपमा परिचित हुन पाएकोमा उनी र उनको परिवार खुशी छन् ।

# सदस्यका परियोजना तथा केन्द्र वैठक गतिविधिहरू




प्रमुख कार्यकारी अधिकृतबाट कार्यक्रम संचालन – तेस्रो बार्षिक साधारण सभा २०७७।०७८




तेस्रो बार्षिक साधारण सभा २०७७।०७८ मा सहभागी पदाधिकारीहरूका साथ कर्मचारीहरू



आर्दश शिक्षा मा.वि मा खाजा बनाउने किचेनका सामाग्री प्रदान गर्दा प्रमुख कार्यकारी अधिकृत बाट सम्बोधन गर्दै –देवघाट, तनहूँ




शाखा कार्यालय नेपालगंजबाट राहत वितरण



शाखा कार्यालय कलैया द्वारा आ.ब.०७७। ०७८ को केन्द्र कार्यशाला गोष्ठीको क्रममा उत्कृष्ठ केन्द्रका पदाधिकारी लाई सम्मान




शाखा कार्यालय जोरपाटीको आ.ब.०७७। ०७८ केन्द्र कार्यशाला गोष्ठीको क्रममा तीन उत्कृष्ठ केन्द्रका प्रमुख पदाधिकारीहरू संगको तस्वीर



शाखा प्रमुखहरूको शाखा ब्यवस्थापन दुइ दिने तालिम पश्चात सामूहिक तस्वीर–सौराह चितवन



शाखा कार्यालय हात्तीगौंडाकी सदस्य मृत्यु वापत विमा सुविधा हस्तान्तरण

# धन माया थापाको व्यवसायीक सफलतामा महिला लघुवित्तको साथ

हाल चितवन जिल्ला रत्ननगर न.पा. वडा नं.८ बाघमारामा बस्ने धन माया थापाको जन्म मिति २०४१/१०/२२ मा तनहुँ जिल्लाको केशवटारमा पिता श्री रुम बहादुर आले र माता श्री हरी माया आलेकी जेठी छोरीको रुपमा भएको थियो । परिवारको आर्थिक अवस्था कमजोर भएकै कारण एस. एल. सी. सम्मको मात्र अध्यायन गर्ने अवसर पाएकी धन माया थापाको विबाह २१ वर्षको उमेरमा श्री यमन सिंह थापासँग भएको थियो । उनका श्रीमान्ले जग्गा भाडामा लिई धान तथा केरा खेती गर्दथे । श्रीमान्को कमाइले मात्र घरायसी खर्च चलाउन र छोरा छोरी पढाउन धौंधौ भएको अवस्थामा आफूले पनि केहि गरी परिवारको अवस्थामा सुधार गर्नुपर्छ भन्ने धारणा भएकी धन माया थापा आफू पनि छुट्टै व्यवसाय सञ्चालन गर्न चाहान्थिन् । गाउँ घरमा कसैले बिस्वास नगर्ने, गरिहाले पनि चर्को ब्याज तिर्नं पर्ने हुनाले आफूसँग इच्छा तथा क्षमता हुदाँ हुँदै पनि उनको सपाना साकार हुन सकिरहेको थिईन् ।

महिला लघुबित्त वित्तिय सस्था लि.टाँडी शाखाबाट उनको गाँउका १५ जना महिलाहरुलाई ७ दिनको तालिम दिई मिति २०७६/०१/२४ मा केन्द्र नं. ४४ गठन गरियो र उनी पनि सोही केन्द्रको सदस्य भईन् । सुरुमा रु.१,००० बाट बचत सुरु गरेकोमा हाल निजको बचतमा रु.४९,३१६। जम्मा भएको छ । थोरै थोरै रकम जम्मा गरेर आज यती धेरै बचत जम्मा भएकोमा उनी धेरै खुसी छन् ।







धनमाया थापाले महिला लघुवित्त वित्तीय संस्था लि.टाँडी शाखाबाट मिति २०७५/०२/२७ मा रु.५०,००० कर्जा लिएर ५ वटा बँगुर खरीद गरी व्यवसाय सुरु गरिन । मिति २०७५/१०/२७ गतेमा रु.१,००,००० कर्जा लिएकोमा रु.६० हजारमा ३ वटा भैँसीका पाडा खरिद गरी पालिन र बाँकी रकम रु.४०,०००।. बँगुर पालन व्यवसायमा पूँजी थप गरिन । मिति २०७६/०९/२८ मा लिएको रु.१,३०,००० बाट १० कट्ठा जग्गामा केरा खेती गरिन । मिति २०७७/०७/२५ मा लिएको रु.३,००,००० बाट कुखुरा फर्म दर्ता गरी व्यवसायीक रुपमा कुखुरापालन व्यवसाय सुरु गरिन । मिति २०७८/०४/२८ मा रु.५,००,००० कर्जा लिएर कुखुरा पालन व्यवसाय विस्तार गरेकी छन् । हाल २५०० वटा कुखुरा बिक्री गरी पुन: अर्को लटको चल्ला हाल्ने तयारीमा रहेकी छन् । अहिले निजसँग ३ वटा बंगुर, १० वटा भैँसीका पाडा छन् र १० कट्टा खेतमा केरी खेती व्यवसाय सञ्चालन गरिरहेकी छन् । निजले सञ्चालन गरेको व्यवसायबाट दैनिक घरखर्च चलाई मासिक रु.४०,०००। बचत हुने गरेको र बैंक खातामा रु.२,५०,०००। मौज्दात रहेको बताउँछिन् ।

देशमा लकडाउन हुँदा समेत केरा खेती र बँगुर पालन व्यवसायबाट नियमित आम्दानी गरी संस्थामा बुझाउनु पर्ने किस्ता तिर्न तथा घरयसी खर्च चलाउन कुनै समस्या नभएको उनको भनाई रहेको छ । हालसम्म महिला लघुवित्त वाहेक आफु अन्य कुनै पनि लघुबित्त सस्थामा आवद्ध नरहेको र अन्य दिदी बहिनीहरुलाई पनि एउटै मात्र लघुवित्त संस्थामा आवद्ध हुन उनको सुझाव रहेको छ ।

# शाखा कार्यालय प्रमुखहरू

| क्र.स. | नाम थर | कार्यरत शाखा | क्र.स. | नाम थर | कार्यरत शाखा |
|---|---|---|---|---|---|
| १ | श्री श्रीकृष्ण वस्नेत | डिल्लीबजार | ३४ | श्री रमेश दाहाल | सांगा |
| २ | श्री माया देवी उप्रेती | किर्तिपुर | ३५ | श्री मनोज कुमार महत | पालुङटार |
| ३ | श्री शारदा लामिछाने | हात्तीगौडा | ३६ | श्री जयराम आचार्य | ढिकुरे |
| ४ | श्री सावित्री डुम्राकोटी (पराजुली) | मनमैजु | ३७ | श्री अमर बहादुर सिंह | बाबियाचौर |
| ५ | श्री अनुप राना मगर | जोरपाटी | ३८ | श्री सञ्जय कुमार चौधरी | नगराइन |
| ६ | श्री ममता कार्की | थानकोट | ३९ | श्री रविन दाहाल | देवघाट |
| ७ | श्री नविना बन्जारा | जडिबुटी | ४० | श्री निरोज विष्ट | भोटेवडार |
| ८ | श्री कमल भारती | जहरसिंहपौवा | ४१ | श्री सञ्जय कुमार चौधरी | सिरहा |
| ९ | श्री शत्रुधन झा | हेटौडा | ४२ | श्री शेर बहादुर सिंह | पकडी |
| १० | श्री संजिव कुमार यादव | सिमरा | ४३ | श्री मनोज कुमार मण्डल | भोक्राहा |
| ११ | श्री रेसुका घिमिरे | चापागाउँ | ४४ | श्री मिथुन कुमार चौधरी | हरिवन |
| १२ | श्री अन्जना घिमिरे | कमलविनायक | ४५ | श्री सुरेन्द्र कुमार सिंह | कर्सिया |
| १३ | श्री श्यामबाबु चौधरी | विरगञ्ज | ४६ | श्री काशीराम राजवंशी | टंकीसिनुवारी |
| १४ | श्री संजित कुमार राजवंशी | कलैया | ४७ | श्री सञ्जय कुमार चौधरी | कञ्चनपुर, सप्तरी |
| १५ | श्री कृष्ण कुमार यादव | जनकपुर | ४८ | श्री आर्यान चौधरी | प्रेमनगर |
| १६ | श्री हिमशंकर न्यौपाने | गुलरिया | ४९ | श्री बोधेन्द्र वि.सी | विरेन्द्रनगर |
| १७ | श्री दिपा चौधरी | बाँसगढी | ५० | श्री विवेक कुमार सिंह | राजीपुर |
| १८ | श्री डम्बर डि.सी. | ढल्केवर | ५१ | श्री विष्णु कुमार चौधरी | हसुलिया |
| १९ | श्री अशोक दवाडी | टाँडी | ५२ | श्री जीवन कुमार चौधरी | भजनी |
| २० | श्री चन्द्र बहादुर बोहोरा | कोहलपुर | ५३ | श्री गौतम कुमार चौधरी | वेथरी |
| २१ | श्री मन्दिप आले | गितानगर | ५४ | श्री सोविन्द्र कुमार चौधरी | धकधई |
| २२ | श्री राम बहादुर चौधरी | बर्दघाट | ५५ | श्री अन्जन खनाल | सुनौलावजार |
| २३ | श्री कर्ण आशिक कुमार चौधरी | चन्द्रपुर | ५६ | श्री शरद भण्डारी | श्रीगाउ |
| २४ | श्री उद्धव कुंवर | बुटवल | ५७ | श्री तपेन्द्र शाही | लम्की |
| २५ | श्री धनजय कुमार हाथी | लहान | ५८ | श्री सगुने बुढा | चामुण्डा |
| २६ | श्री जयकुन्दन चौधरी | जलेश्वर | ५९ | श्री जीवराज विष्ट | झलारी |
| २७ | श्री बम बहादुर रावल | नेपालगञ्ज | ६० | श्री नविन लामिछाने | पिप्ले |
| २८ | श्री निरसिंह चौधरी | सुखड | ६१ | श्री चित्र बहादुर वस्नेत | इटहरी |
| २९ | श्री दिपक पौडेल | गुरासँ | ६२ | श्री विकास महत | पोखरा |
| ३० | श्री निरन्जन चौधरी | बेलौरी | ६३ | श्री लक्ष्मी भुजेल | चुहाडे |
| ३१ | श्री दिपक कुमार रिमाल | अत्तरिया | ६४ | श्री सुमन्त कुमार सिंह | देवानगञ्ज |
| ३२ | श्री रोशन प्रसाद जैशी | धनगढी | ६५ | श्री श्रीनिवास शर्मा | बेनौली |
| ३३ | श्री प्रकाश बहादुर चन्द | महेन्द्रनगर | ६६ | श्री दीपक कुमार साह | धनौजी |

## टिपोट

## टिपोट

# महिला लघुवित्त वित्तीय संस्था लिमिटेड

## केन्द्रीय कार्यालय (व्यवस्थापन समूह)



**श्री कृष्ण प्रसाद न्यौपाने**
प्रमुख कार्यकारी अधिकृत



**श्री हरी प्रसाद गौतम**
सहायक कार्यकारी अधिकृत
जनशक्ति व्यवस्थापन/सामान्य सेवा तथा तालिम/ वित्त व्यवस्थापन तथा लेखा विभाग प्रमुख



**श्री ईश्वर बहादुर रोका**
बरिष्ठ प्रबन्धक
(जोखिम व्यवस्थापन विभाग प्रमुख)



**श्री बल बहादुर राना**
प्रबन्धक
(आन्तरिक, लेखापरिक्षण विभाग प्रमुख)



**श्री प्रेम बहादुर थापा**
प्रबन्धक
(योजना, अनुसन्धान तथा विकास विभाग प्रमुख)



**श्री बुद्धि सागर न्यौपाने**
सहायक प्रबन्धक
(कर्जा सञ्चालन, अनुगमन तथा निरीक्षण विभाग प्रमुख)



**श्री प्रविन कुमार माझी**
सहायक प्रबन्धक
(आन्तरिक लेखापरीक्षण विभाग)



**श्री सुमित बास्कोटा**
वरिष्ठ अधिकृत
(सूचना प्रविधी विभाग प्रमुख)



**श्री माधव प्र. उपाध्याय**
वरिष्ठ अधिकृत
(आन्तरिक लेखापरीक्षण विभाग)



**श्री मनोज साह**
वरिष्ठ अधिकृत
(सूचना प्रणाली विभाग)



**श्री ममिला पौडेल**
अधिकृत
(जनशक्ति व्यवस्थापन, सामान्य सेवा तथा तालिम विभाग)

## सुपरिवेक्षण तथा निरिक्षण कार्यालयका प्रमुख तथा पदाधिकारीहरू



**श्री नारायण रोका**
प्रमुख
सु.नि.का., टाँडी, चितवन



**श्री रमेश अधिकारी**
प्रमुख
सु.नि.का., डिल्लीबजार, काठमाडौं



**श्री तिलक दत्त पन्त**
प्रमुख
सु.नि.का., नेपालगञ्ज, बाँके



**श्री सुनिल अर्याल**
प्रमुख
सु.नि.का., टंकीसिनवारी, मोरङ्ग



**श्री रमेश चन्द्र पौडेल**
प्रमुख
सु.नि.का., सिमरा, बारा



**श्री सरोज रेग्मी**
प्रमुख
सु.नि.का., बुटवल, रुपन्देही



**श्री टेक बहादुर बोगटी**
प्रमुख
सु.नि.का., अत्तरीया कैलाली



**श्री राम प्रसाद चौधरी**
प्रमुख
सु.नि.का., ढल्केबर, धनुषा



**श्री बुद्धि प्रसाद भट्ट**
अधिकृत
सु.नि.का., डिल्लीबजार, काठमाडौं

# MLBSL Area Coverage

| Province No. | Total No. of Districts |
|---|---|
| 1 | 14 |
| 2 | 8 |
| 3 | 13 |
| 4 | 11 |
| 5 | 12 |
| 6 | 10 |
| 7 | 9 |
| Total | 77 |

Nepal Coverage




## Mahila Laghubitta Bittiya Sanstha Ltd.

| As on Kartik 30, 2078 | | |
|---|---|---|
| Province | No. of Districts | No. of Branches |
| Province 1 | 3 | 6 |
| Province 2 | 8 | 14 |
| Bagmati Province | 8 | 16 |
| Gandaki Province | 4 | 5 |
| Lumbini Province | 6 | 11 |
| Karnali Province | 2 | 4 |
| Sudurpaschim Province | 2 | 10 |
| Grand Total | 33 | 66 |


महिला लघुवित्त वित्तीय संस्था लि.
Mahila Laghubitta Bittiya Sanstha Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था" (राष्ट्रियस्तरको कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय: साँगा, काभ्रे, नेपाल ।
पो.ब.नं.: १२२७०, फोन: ०११-६६१३२९/०१४४४०९१३
Email: info@mlbsl.com.np, Website: www.mlbsl.com.np